Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष -१५ , अंक- ४५, २०८० साल असार ५ गते मंगलबार (Jun 20,2023) WWW.janaakash.com.np

**जन आकाश प्रा.लि. बाट प्रशारित**

**WWW.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक , पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा काष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघंसंस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email : janaakash@gmail.com

# राष्ट्रिय झण्डाको दुरूपयोग गर्नें रास्वपालाई कारवाहीको माग

**मोहन कार्की ।**



काठमाडौ । नेपालको राष्ट्रिय झण्डालाई उल्टो पारेर फराई राष्ट्रिय स्वतन्त्र पार्टीले दुरुपयोग गरेको छ । पार्टीको बागमती प्रदेशस्तरीय कार्यक्रममा पुगेका रास्वपाका सभापति रवि लामिछानेले फराउन खोजिएको नेपालको राष्ट्रिय झण्डा उल्टो रहेको थियो । उक्त झण्डा उल्टो भएकोप्रति देश-विदेशमा निक्कै चर्चा भएको छ । चर्चा रास्वपालाई समर्थन गर्न हो इन कि उनिहरुले राष्ट्रिय झण्डालाई दुरुपयोग गरेर नेपालीलाई अपमान गरेको सम्मका आरोपहरु लगाउदै देश बिदेशवाट चर्को विरोध भइरहेको छ। स्वभाविक रुपमा राष्ट्रियता राष्ट्रिय प्रतिक, चिन्ह जस्ता देशको परिचयसँग जोडिएका बिषयमा पार्टीका वा समाजका जिम्मेवारी लिएका निकायहरु निक्कै संवेदनशील हुनुपर्ने हुन्छ । यस्ता बिषयहरुमा नेपालका राजनीतिक ट्याग लागेका र समाजमा अभियान्ताको रुपमा स्थपित व्यक्ति बिशेषहरुले राष्ट्रिय झण्डा, चिन्ह, देश, परराष्ट्र कुटनैटिक रुपमा आउने बिषय जस्ता संवेदनशील बिषयमा हेलच्यक्राई गरिरहेको देखिन्छ ।

राष्ट्रको बिषयमा बोल्दा होस् । राष्ट्रिय झण्डा प्रयोग गर्दा होस् । अन्तरीष्ट्रिय कुटनैतिक सम्बन्धमा पोटो कल तयारी गर्दा होस् । नेपालका सम्बन्धित निकायहरु पछिल्ला समयमा चुक्दै आएका छन्

बाँकी ६ पृष्ठमा

# स्वदेशी गोलभैँडा दुई रूपैयाँमा बिकेन नेपाली किसानको समस्या यस्तो छ ?

काठमाडौँ । स्वदेशी उत्पादनले बजार र बजार भाउ नै नपाएको भन्दै किसानले आज विरोधस्वरूप सडकमा गोलभैँडा फालेका छन् । स्वदेशी उत्पादन प्रतिकिलो ८ रूपैयाँ थोक मूल्य हुँदा पनि बिक्री नभएको भन्दै उपत्यकाका किसानले सडकमै गोलभैँडा फालेर बजार सुनिश्चितताको माग गरेका हुन् ।

भक्तपुरका किसान रमेश फुयालले गोलभैँडाको मुख्य उत्पादन सिजनमै बजार र बजार भाउ नपाउँदा आफूहरू मारमा परेको बताए ।

बजार भाउ नपाएको विरोधमा र सरकारलाई सचेत गराउन आज कालिमाटी फलफूल तथा तरकारी बजारमा सडकमा गोलभैँडा फालेर विरोध गरेको समेत उनले बताए ।

अर्गानिक युवक किसान सङ्घको सचिवसमेत रहेका फुयालले काठमाडौँ उपत्यकामा ३५ सय रोपानी क्षेत्रफलमा गोलभैँडा (टनेल) खेती भइरहेको बताए । यस क्षेत्रफलमा लगाइएका बोटमा औसतमा ८ किलो गोलभैँडा उत्पादन हुन्छ । यसअनुसार जेठ, असार र साउनमा उपत्यकाका तीन जिल्ला (काठमाडौँ, ललितपुर



र भक्तपुर) को उत्पादनले देशको सम्पूर्ण माग धान्ने उनको भनाइ छ। तर देशको सबैभन्दा ठुलो र मुख्य तरकारी बजार कालिमाटीमै गोलभैँडाको थोक मूल्य ८ रूपैयाँ प्रतिकिलो छ । यसको न्यूनतम मूल्य प्रतिकिलो ६ रूपैयाँ र अधिकतम मूल्य १० रूपैयाँ कायम रहेको बजार विकास समितिले जनाएको छ । समितिको वेबसाइटमा राखिएको तरकारीको मूल्यसूचीमध्ये सबैभन्दा सस्तो नै स्वदेशी गोलभैँडाको मूल्य देख्न सकिन्छ ।यसको अर्थ देशको सबैभन्दा ठुलो तरकारी बजारमा बिक्ने कैयौँ तरकारीमध्ये स्वदेशी गोलभैँडा सबैभन्दा सस्तो छ।

कालिमाटीमा हाल दुई प्रकारका गोलभैँडा बिक्रीवितरण हुँदै आएको छ । त्यहाँ ठुलो गोलभैँडा (भारतीय) र सानो गोलभैँडा (टनेल नेपाली) गरी दुई प्रकारको गोलभैँडा बिक्री भइरहेको हो ।

कालिमाटी लगायत देशका सम्पूर्ण स्थानमा स्वदेशी गोलभैँडाले न्यून मूल्यमा समेत बजार नपाइरहेको अवस्थामा भारतीय गोलभैँडा भने प्रतिकिलो ४५ रूपैयाँमा बिक्री भइरहेको छ । भारतीय गोलभैँडा(ठुलो)को थोक बाँकी ६ पृष्ठमा ६

# सीमान्तकृत समुदायका बालिकाहरूको अधिकार सम्बन्धी आधार पत्र सार्वजनिक

काठमाडौं । सीमान्तकृत समुदायका बालिकाहरूको अधिकार सम्बन्धी



आधार पत्र सार्वजनिक गरिएको छ ।काठमाडौंमा भएको एक कार्यक्रमम आदिवासी जनजाति आयोगका सदस्य सूर्यबहादुर गुरुङ, मुस्लिम आयोगका सदस्यद्वय महमदिन अली र मोहमद समशुल हक तथा गैरसरकारी संस्था हामी दाजु भाइका महासचिव अशोक शिवाकोटीले संयुक्त रुपमा सो पुस्तक सार्वजनिक गरेकाहुन ।

कार्यक्रममा आदिवासी जनजाति आयोगका सदस्य सूर्यबहादुर गुरुङले आवश्यक स्रोत साधनको अभावमाबालबालिकाको क्षेत्रमा काम गर्न नसकेको बताए ।यस्तै मुस्लिम आयोगका सदस्य हकले सीमान्तकृत समुदायका वयस्क व्यक्तिहरु नै समस्यामा पर्ने गरेको भन्दै यस्तो समुदायका बालिकाहरु झनै जोखिमा रहेको बताए ।

मुस्लिम आयोगका अर्का सदस्य अलीले सीमान्तकृत समुदायका बालिकाको हक अधिकार सुनिश्चित गर्न आफूहरुले सक्दो गर्ने प्रतिवद्धता पनि जनाए । राज्यले आयोगलाई छुट्याउने बजेटमा ब्यापक रुपमा कटौती गरेका कारण पनि सिमान्तकृत बालिका तथा किशोरीहरूका लागि कार्यक्रम सञ्चालन गर्न नसकिएको गुनासोसमेत गरेका थिए ।

प्लान इन्टरनेशनलको सहयोगमा हामी दाजु भाइका लागि यो आधार पत्र प्रणिका कोयुर रुक्मणी महर्जनले तयार पारेका हुन् । कोयुले आधार

बाँकी ६ पृष्ठमा



...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सुजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।–मोहन कार्की

## सम्पादकीय – – – – –

### शिक्षा क्षेत्रमा काठमाडौ महानगरले गरेको उदारणीय काम

काठमाडौं । काठमाडौं महानगरपालिकाका स्वतन्त्र उमेद्वार बालेन्द्र शाह(बालेन)ले २०७९ सालको स्थानीय निर्वाचनमा विजयी हाशिल गरिरहदा काठमाडा उपत्यकामा चिया गफ गर्ने अर्ध चेत भएका मानिसहरु कुरा गर्नेगथे एउटा बालेनले के गर्छ सबै राजनीतिका पार्टीका वडा अध्यक्षहरु छन् । काम गर्न दिदैनन् । जस्ता अभिव्यक्ति सुनिन्थ्यो । त्यो २०७९ बैशाखको कुरा थियो ।

अहिले २०८० जेठको कुरा भईरहेको छ । काठमाडौ महानगरको स्वामित्वमा पर्ने सार्वजनिक जग्गा हडपेर अव्यवस्थित ढंगवाट बनाइएका टहरा,भवनहरु डोजर चलाएरु काठमाडामा शुरुवाट गरेका थिए । त्यसको केही महिना अगाडी सिस्नेरी ल्याण्डफिल्ड साइडमा फोहोर फाल्न नदिएर राजनीतिक पार्टीका कार्यकर्ताहरुले  अवरोध गरेका थिए । ति अनेकौ चुनौति व्यहोर्दै आएका बालेन्द्रले एकपछि अर्को गर्दै स्वतन्त्र उम्मेद्वारलाई महानगरका जनताले दिएको म्यान्टेड पुरा गर्दैजाने क्रममा काठमाडौ उपत्यकामा अव्यवस्थित पार्किङ हटाएर पार्किङको लागि बनाइएका घरको तल अन्डरग्रउन्डमा हालिएका सटर भत्काएर सडक सफा राख्न सफल भएका थिए ।

उनले लगतै  निर्वाचित भएको १ बर्ष पुग्न नपाउदै स्थानीय अधिकार प्रयोग गरेर महानगर भित्र सञ्चालन भएका शैक्षिक सस्थालाई राष्ट्रिय  लेख्नलाई कम्तिमा २१ जिल्लाका विद्यार्थी अध्ययनरत हुनुपर्ने र अन्तराष्ट्रिय अर्थात इन्टरनेशनल लेख्नको देश वाहेक अन्य देशका विद्यार्थी अध्ययनरत हुनुपर्ने जस्ता नीति लागु गरेका थिए ।

उनले काठमाडौ महानगरभित्र रहेका अनाधिकृत होडिङ वोर्डले काठमाडौ फोहोर देखिएको भनेर महानगरप्रहरी लगाएर होडिङ वोर्डहरु हटाई काठमाडौ महानगरलाई सफा काठमाडौ बनाएका थिए ।

केही हप्ता अगाडी मात्र काठमाडौ महानगर भित्र सञ्चालित नीजि तथा सरकारी विद्यालयहरुले स्कलरसीपमा विद्यार्थीलाई अध्ययन गर्न कोटा दिएको छकी छैन त्यसको अनुगमन गरेका थिए । शुक्रवारको दिन पारेर विद्यार्थीहरुलाई झोला लेस बनाएका थिए ।

त्यसको केही समय पछि विद्यालयलाई सधै शान्ति क्षेत्र भनेर राजनीतिक पार्टीहरुले भन्ने तर तिनकै भार्त संगठनहरुले विद्यालयलाई मागिखाने भाडो बनाउदै आएका विद्यार्थी संगठनले नयाँ भर्ना शुरुको आसपासमा मोटो रकम नपाएमा विद्यार्थीको हकहितको नौटकी गरेर विद्यालयमा ताला लगाउने काम गर्दै आएका छन् ।  उक्त कार्यलाई महानगरपालिका काठमाडौले विद्यार्थीको शान्तिपुर्ण प्राप्त गर्नुपर्ने अधिकार सुनिश्चित गराएका छन् । यो अत्यन्तै साह्रनीय काम हो ।

बालेनले सावधान गर्न नसकेका काम ढल निकास

बालेनको नारा थियो महानगरवासीहरुलाई खानेपानीको समस्या र ढलको समस्या सावधान गर्छू । खानेपानी  मेलम्ची आएपनि अझै सहज ढंगवाट खानेपानीको वितरण हुन सकेको छैन । ढलको नयाँ बसोबास भईरहेका ठाउँहरुमा त्यति समस्या नभएपनि काठमाडौको सवैभन्दा पुरानो शहर इन्द्रचोक, असल, बसन्तपुर, ठमेल, ठैटी, बाजबजार,  मैतीदेवी, कालीमाटीका क्षेत्रहरुमा समस्या अहिले पनि छन् । यि समस्याहरु बालेनको लागि अझै चुनौति भईरहेका छन् । ति ठाउँहरुमा  चेपिएर बनाएका घरहरु साना बाटो र स्पेश सानो हुदा ढलको पाइप सानो हुने र अलि बढी  ढल हुने वित्तिकै समस्या हुने गरेको छ ।

# सहकारीका भगौडाहरुलाई कार्वाही कहिले ?

प्रतिमान पौडेल



सहकारी सदस्य केन्द्रीत व्यवसाय हो । सदस्यहरुको सहभागिता र नियन्त्रणमा सञ्चालन हुने यो व्यवसाय आम विपन्न वर्गका जनताको आर्थिक अवस्थामा सुधार ल्याउने महत्वपूर्ण माध्यम पनि हो । संसारका धेरै मुलुक सहकारीका माध्यमबाट सम्पन्न बनिसकेका छन् । सहकारीलाई सहकारीकै रुपमा सञ्चालन गरेका देशहरुको कायापलट नै भएको छ । नेपालको सन्दर्भमा पनि सहकारीहरुले धेरै मानिसहरुलाई व्यवसायिक बनाइदिएका छन् । सहकारीका माध्यमबाट आयआर्जन गर्नेहरु धेरै छन् । वास्तवमा नेपालको सहकारी अभियान राज्यले सहकारीमार्फत जनताको जीवन परिवर्तनमा गरेको योगदानको अभिलेख ल्याउनै सकेनन् । सहकारीमार्फत गरिवी निवारणमा धेरै ठुलो टेवा मिलेको छ । गाउँबाट बजार झरेर सानो तिनो व्यवसाय गर्छु भन्ने मान्छेलाई आफन्तले, बैंकले, साथीभाईले नपत्याउदा सहकारीले पत्याएको थियो । सहकारीले पत्याएकै कारण आज उ कर योग्य नागरिक भएको छ । सहकारी नहुदो हो त त्यस्ता लाखौ मान्छे विदेश जान वाध्य हुन्थे । आज सहकारीले ऋृण दिन सकिरहेको छैन, अनि साना व्यवसायी विस्तारै पेशा व्यवसाय छोडेर हिड्ने अवस्थामा छन् । सहकारी कमजोर भयो भने साना व्यवसायी कमजोर हुन्छन् ।

सहकारीले जनताका लागि धेरै गर्दा गर्दै पनि यतिबेला सहकारीप्रति आम समुदाय त्रसित छन् । किन ? यसको विषयमा राज्य र अभियान गंभिर नभएकै हो । यिनीहरुले एकले अर्कोलाई दोष थोपरेर उम्कन पाउदैनन् । सहकारी अभियान र राज्यका निकायहरु मिलेर सहकारीलाई राम्रो बनाउन लाग्नु पर्नेमा अहिलेको अवस्था आउनुमा एकले अर्कालाई दोष देखाएर उम्कन मिल्दैन । दोष राज्यको पनि छ, अभियानको पनि छ र स्वयं सहकारीका सञ्चालक र कर्मचारीको पनि छ, यतिमात्रै नभएर सदस्यहरुको पनि छ ।

दोष जो जसको भएपनि भयो, “कुकुरले टोक्यो भनेर सोही कुकुरलाई टोक्नत भएननी” समस्या आइसक्यो, अब हिजोको विषयमा चर्चा गरेर, यसो नगरेको भए हुन्थ्यो, उसो नगरेको भए हुन्थ्यो भनेर काम छैन । अब त सबै मिलेर सहकारीको समस्या समाधान गर्ने र फेरी एकपटक आम समुदाय

लाई सहकारीप्रतिको विश्वास दिलाउन आवश्यक छ । दुख गरेर कमाएको पैसा खाई नखाइ सहकारीमा राखेको आम मान्छेले वचत फिर्ता गर्न जादा कानुनी झमेलामा पर्नु पर्ने अवस्था आएको छ, यो भन्दा दुर्भाग्य के हुन्छ ? सदस्यले विश्वास गरेर राखेको रकम अपलचलन गर्ने, व्यक्तिगत सम्पत्ती जोड्न प्रयोग गर्ने, सान सौकतको जिन्दगी विताउन प्रयोग गनेहरुका कारण आज आम सहकारी नै खराव हुन भन्ने भाष्य निर्माण गर्न खोजिदैछ । यस्तो अवस्थामा अलि सचेत भएर राज्य र अभियानले काम गर्नु पर्नेछ । सहकारी विभागले बेला बेलामा पत्रकार सम्मेलन गरेर केही उपायहरु त अगाडि ल्याएको छ तर यतिले मात्रै पुग्दैन । सहकारी विभागले सहकारी ऐन २०७४ को पालनामा गंभिरताका साथ काम गर्न जरुरी छ । वित्तीय क्षेत्रमा आएको समस्याका कारण जोखिममा परेका सहकारीहरुलाई जोगाउनु पर्छ, सहकारीका लगानी घर जग्गा र अन्य व्यवसायमा लगानी गरेका कारण जोखिममा परेकाहरुलाई अहिले जोगाउने र सुधार भएपछि कार्वाही गर्ने तथा सहकारीको पैसा निजी कम्पनी वा घर जग्गामा लगानी गरेर सम्पत्ती कमाउने धन्धामा लागेकाहरुलाई तत्काल कार्वाही गरी उनीहरुको जायजेथाबाट वचतकर्ताको रकम फिर्ता गराउनु पर्छ । सहकारी विभागको पहिलो काम भनेको सहकारीका नाममा सम्पत्ती कमाउनेहरु, वचत संकलन गरेर निजी सम्पत्ती जोड्नेहरुलाई कानुनी कार्वाही गर्नु हो । सहकारीको नियम विपरित काम गरेका सहकारी हरुलाई कानुनी दायरामा ल्याएर वचतकर्ताहरुको रकम फिर्ता गर्ने वातावरण बनाउन विभागले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ र त्यसमा अभियानले पूर्ण रुपमा साथ दिनु पर्दछ ।

विभागले देशभर कार्यक्षेत्र दिएर सहकारीलाई देशभर व्यवसाय गर्न अनुमति दियो, त्यही अनुमति लाई उनीहरुले अवसरका रुपमा प्रयोग गरेर केही सहकारीहरुले जनताको ठुलो धनराशी आफ्नो निजी व्यवसायमा लगाए । सहकारीको मूल्य, मान्यता, सिद्धान्त भन्दा विपरित निजी सम्पत्ती जोड्न, जनताको पैसा प्रयोग गर्नेहरु वचतकर्ताको रकम डुबाउने मात्रै होइन स्वयं सहकारी अभियानलाई नै तहस नहस पार्ने खलनायकहरु हुन् । यिनलाई सरकारले कडाइका साथ कार्वाही गर्नु पर्छ र वचतकर्ताको सम्पूर्ण फिर्ता गर्नु पर्छ । जुन जुन सहकारीमा समस्या आएको छ । त्यहाँ सञ्चालक हरुको मनोमानी नै बढी देखिएको पाइन्छ । सहकारीका सञ्चालकहरुले वचतका रुपमा संकलन भएको रकम सदस्यहरुलाई लगानी गर्न छोडेर आफ्ना निजी बंगालाहरु बनाउन, निजी व्यवसाय सञ्चालन गर्न तथा घरजग्गा लगायतका आफ्ना व्यवसायका लागि उनीहरुले लगानी गरेको पाइएको छ ।

सहकारीको पैसा आफ्नो निजी सम्पत्तीमा लगाउने सबैलाई कानुनी कार्वाही गरेर वचतकर्ताहरुको पैसा फिर्ता नगराउने हो भने सहकारीप्रतिको विश्वास अझै कम हुने निश्चित छ । सहकारी समुदायको हो, समुदायको आर्थिक विकासका लागि सहकारी आवश्यक छ, हाम्रो जस्तो देशमा जहाँ ठुला उद्योग कलकारखानाहरु छैन, यस्तो ठाउँमा साना तथा मझौला उद्यमहरु नै सञ्चालन गर्ने हो र तिनलाई सञ्चालनका लागि सहकारी आवश्यक हुन्छ । केही बदमास व्यक्तिहरुका कारण सिंगो सहकारी क्षेत्रप्रति अविश्वास हुने वातावरण रोक्नका लागि राज्यले सबै दोषीलाई कार्वाही गर्ने र सही तरिकाले चलाएका अर्थात सदस्यसंग मात्रै कारोबार गरेका, ऋृण लगानी गर्दा

केही समस्या देखिएका हरुको सहजीकरणका लागि योजना आवश्यक छ । सहकारी ऐ

बाँकी ६ पृष्ठमा

## दुई दिनभित्र रौतहटमा करेन्ट लागेर ३ जना युवाको मुत्यु

काठमाडौं । रौतहट जिल्लाको परोहा नगरपालिका ५ मा बस्ने २५ वर्षीय अबुलैस मिया कवारीको विद्युत्को करेन्ट लागेर मृत्यु भएको छ । गर्मीबाट बच्न गए राति आफ्नो घरमै पङ्खाको तार जोड्ने क्रममा करेन्ट लागेर कवारीको ज्यान गएको हो ।

दुई दिनभित्र रौतहटमा करेन्ट लागेर ३ जना युवाको ज्यान गएको छ । यस अघि विद्युतीय मोटरबाट करेन्ट लागेर रौतहटको बौधीमाई नगर क्षेत्रमा शुक्रबार राति २ जना युवकको ज्यान गएको थियो।  मृत्यु हुनेमा बौधिमाई ५ कोपवा गाउँका २५ वर्षीय अरुण साह र २६ वर्षका सिताबी पण्डित रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपि उमाशक्तर यादवले बताए ।

ट्युबवेल धारामा विद्युत् मोटर सञ्चालन गर्ने क्रममा अचानक अरुण साह लाई विद्युत् प्रवाह भएर करेन्ट लागेको थियो । साहलाई बचाउन खोज्दा पण्डितलाई पनि करेन्ट लागेर दुवै जना अचेत भएका थिए । तत्काल एम्बुलेन्स बाट दुवै जनालाई उपचारको लागि प्रादेशिक अस्पताल गौर लैजाँदा डाक्टरले दुवै जनालाई मृत घोषणा गरेको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.janaakash.com.np



# हतियारसहित दुई जना पक्राउ

काठमाडौं । सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-३ घर भएका ३२ वर्षीय रमेश बानियालाई पेस्तोल १ थान, पेस्तोलमा लाग्ने म्यागिजन २ थान र गोली ११ थानसहित प्रहरीले पक्राउ गरेको छ । बैङ्किङ कसुर मुद्दामा फरार प्रतिवादी बानिया काठमाडौँ महानगर पालिका-८ जयबागेश्वरी
स्थित जेनिस अटो रिकन्डिसन नजिक सडकमा बसिरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरी टोलीलाई देख्नासाथ रमेश बानियाले बोकेको झोला सडकमा फाली फरार भएपश्चात् प्रहरीले झोला तलासी गर्दा उक्त हतियार फेला पारेको थियो । साथै प्रहरीले बानियालाई खोजी गर्ने क्रममा भक्तपुर नयाँ ठिमीस्थित नयाँ बाटोबाट फेला पारी पक्राउ गरेको हो ।



खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पा बस्ने २१ वर्षीय शशी राईलाई भरुवा बन्दुक २ थानसहित प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा लुकाई छिपाई राखेको अवस्थामा उक्त बन्दुक फेला पारी उनलाई पक्राउ गरेको हो ।

# हेटौँडा काठमाडौँ जोड्ने सडक खण्ड अवरुद्ध

काठमाडौ । गए राति परेको वर्षाका कारण पहिरो खस्दा हेटौँडा काठमाडौँ जोड्ने २ वटा सडक खण्ड अवरुद्ध भएका छन् । पहिरोका कारण हेटौँडा काठमाडौँ जोड्ने कान्तिलोक पथ र हेटौँडा कुलेखानी सिस्नेरी सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । राती परेको वर्षाको कारण कान्तिलोक पथ अन्तर्गतको ललितपुरको भट्टेडाँडामा पहिरो खस्दा सडक अवरुद्ध हुँदा सवारी आवागमन ठप्प भएको प्रहरीले जनाएको छ । पहिरोका कारण केही सवारी साधनमा समेत क्षति पुगेको प्रहरीले जनाएको छ ।



त्यस्तै पहिरोका कारण हेटौँडाबाट काठमाडौँ जोड्ने हेटौँडा कुलेखानी सिस्नेरी सडक खण्ड अवरुद्ध भई यातायात सेवा बन्द भएको छ । मकवानपुरको इन्द्र सरोवर गाउँपालिका-३ सिस्नेरीमा बिहीबार बिहान ५ बजेको समयमा पहिरो खस्दा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

सडक अवरुद्ध हुँदा काठमाडौँ हेटौँडा आवतजावत गर्ने सवारी साधनहरू बाटोमै रोकिएको प्रवक्ता कार्कीले बताए । उनका अनुसार दुबै सडक खण्डमा खसेको पहिरो पन्छाउने काम भइरहेको छ । पहिरो पन्छाए लगत्तै सडक सञ्चालनमा ल्याइने उनले बताए ।

# गण्डकी प्रदेश सरकारले उत्पादनको आधारमा अनुदान दिने

काठमाडौ । गण्डकी प्रदेश सरकारले उत्पादनको आधारमा अनुदान दिने भएको छ । अनुदान दिएर कृषि कार्यक्रम कार्यान्वयन गर्ने नभइ, उत्पादनका आधारमा अनुदान दिने अर्थमन्त्री जीतप्रकाश आलेले बजेटमार्फत बताएका छन् । उत्पादनमा आधारित अनुदान दिनका लागि सरकारले ७ करोड ३० लाख रुपैयाँ छुट्याएको छ । कृषि फार्म सञ्चालनमा ल्याइ, कृषि र उद्योगबीच करार गरी आलुखेती र चैते धान खेतीका लागि सरकारले ८ करोड ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गण्डकी प्रदेश सरकारले स्थानीय तहसँगको साझेदारीमा भूमि बैंकको अवधारणलामो प्रदेश सरकारको साझेदारी बाँझो रहन्न खेतबारी भन्ने कार्यक्रम पनि सञ्चालन गर्ने भएको छ ।



बाँदर प्रभावित क्षेत्रमा घाँस खेती गरी पशुपालनमा जोड दिने गरी १ करोड ५२ लाख रुपैयाँ प्रस्तुत गरेको अर्थमन्त्री आलेले बताएका छन् । कृषि उपजको उत्पादन पश्चातको क्षति न्यूनिकरण र बजारीकरणको प्रवर्द्धन गर्न शित भण्डारण कार्यक्रममा प्रोत्साहन गर्न ४ करोड ८५ लाख रुपैयाँ बिनियोजन गरिएको छ । कृषिको आधुनिकीरण र विशिष्टीकरणका लागि संघ सरकारको समन्वयमा प्रदेशका ३४ स्थानीय तहका पहाडी क्षेत्रमा काष्ठ फल र शितोष्ण फलफूल खेतीको उत्पादन र प्रवर्द्धनका लागि २४ करोड ८ लाख रुपैयाँ विनियोजन भएको छ ।

# रामेछाप डायरी

## रामेछाप न.पा ६ र ८ को सार्वजनिक सुनुवाइ सकियो

रामेछाप नगरपालिका वडा नं ८ ले चालु आर्थिक वर्ष २०७९/८० को सुरुदेखि हालसम्म सञ्चालन भएका वडा भित्रका विकास निर्माण र सेवा प्रवाहका बारेमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ ।

मंगलबार सम्पन्न उक्त कार्यक्रममा वडाले प्रवाह गरिरहेको सेवा तथा विकास आयोजनाहरुको बारेमा वडाका सचिव दिपा बराल तामाङले जानकारी गराउनुभयो । वडाको संघ,प्रदेश र स्थानिय सहित जम्मा बजेट १० करोड २५ लाख ४१ हजार ७ सय २० रुपैयाँ रहेकोमा ३ करोड ३८ लाख ४३ हजार ७ सय २० रुपैंया खर्च भैसकेको छ । अब बाँकी रहेको ६ करोड ८६ लाख ९८ हजार रुपैयाँ भुक्तानीको अन्तिम चरण रहेको वडा सचिव तामाङले बताउनुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा नागरीकहरुले कृषी,पशुपालन,सडक, खानेपानी सहित विभिन्न विषयहरुमा रहेर प्रश्न,जिज्ञास र गुनासोहरु राखेका थिए । सहभागीहरुको प्रश्नको जवाफ वडा नं ८ का वडाअध्यक्ष सन्तोष तामाङले दिनुभएको थियो । नागरीकहरुको प्रश्नको जवाफ दिदै उहाँले वडाबसीको आवश्यकता,चाहना र माग अनुसारनै आफुले काम गदै आएको बताउनुभयो । वडाबाट प्रवाह भैरहेको हरेक कामहरुमा नागरीहरुले जति बेला र जुनसुकै समयमा पनि सुझाव दिन सक्ने उहाँले बताउनुभयो । सम्वृद्ध वडा बनाउन यहाँका नागरीकहरुको साथ र सहयोग अपरिहार्य रहेको पनि उहाँले बताउनुभयो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले नगरपालिकाको केन्द्र समेत रहेको वडा नं ८ ले पहिलो पटक यो कार्यक्रम आयोजना गरेकोमा निकै खुशी लागेको बताउनुभयो । सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि निकै महत्वपुर्ण रहेको यो कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिन पनि उहाँले आग्रह गर्नुभयो ।




नेपाली कांग्रेस रामेछाप नगपालिकाका प्रबक्ता हरिशचन्द्र घिमिरे,नेकपा एमाले रामेछाप नगरका उपसचिव कुबेर श्रेष्ठ,नेकपा माओवादी केन्द्र रामेछाप नगरका कोषाध्यक्ष सरोज कटुवाल लगायतले वडालाई विभिन्न सुझाव सहितको मन्तव्य दिनुभएको थियो । पहिलो पटक वडाले राजनितीक दलका प्रतिनिधी सहित सार्वजनिक सुनुवाई कार्यक्रम गरेको भन्दै उनिहरुले हरेक कार्यक्रमहरुमा आफुहरुलाई सहभागी गराउन आग्रह समेत गरेका छन ।

रामेछाप नगरपालिका वडा नं ६ ले चालु आर्थिक वर्ष २०७९/८० को सुरुदेखि हालसम्म सञ्चालन भएका वडा भित्रका विकास निर्माण र सेवा प्रवाहका बारेमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । शनिबार (आज) सम्पन्न उक्त कार्यक्रममा वडाले प्रवाह गरिरहेको सेवा तथा विकास आयोजनाहरुको बारेमा वडाका सचिव प्रेम कुमारी पहाडीले जानकारी गराउनुभयो । वडाले आब २०७९/८० को ६७ लाख ३६ हजार ६ सय ३ रुपैयाँ बजेटले सबै योजनाका कामहरु पुरा गरेको वडा सचिव पहाडीले बताउनुभयो । वडाले यो अवद्धीमा २ लाख ६६ हजार ५ सय ५१ रुपैंया राजश्व संकलन गरेको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमका नागरीकहरुले शिक्षा,स्वास्थ्य कृषी,पशुपालन,सडक,खानेपानी लगायत विभिन्न विषयहरुमा रहेर प्रश्न,जिज्ञास र गुनासोहरु राखेका थिए । सहभागीहरुको प्रश्नको जवाफ वडा नं ६ का वडाअध्यक्ष राजेश तामाङले दिनुभएको थियो ।

नागरीकहरुको प्रश्नको जवाफ दिदै उहाँले सार्वजनिक सुनुवाई कार्यक्रममा मात्रै नभएर वडाबाट प्रवाह भैरहेको हरेक कामहरुमा नागरीकहरुले जति बेला र जुनसुकै समयमा पनि सुझाव दिन सक्ने बताउनुभयो । सम्वृद्ध वडा बनाउन नागरीकहरुको साथ र सहयोग अपरिहार्य रहेको पनि उहाँले बताउनुभयो । वडामा सबै पक्षसँग सहकार्य गरेर विकासका कामहरु अगाडी बढाइने उहाँले बताउनुभयो । कार्यक्रममा बज्र समाज नेपालका अध्यक्ष पूर्ण ब मगर,जनकल्याण माविका प्रधानाध्यापक बाल कुमार थापा मगर,नेपाली कांग्रेसका वडा समिति सचिव मान ब मगर,एमाले वडा कमिटीका सचिव दिल कुमार श्रेष्ठ र माओवादीका वडा कमिटी अध्यक्ष नारायण बाबु श्रेष्ठले सुझाव सहितको मन्तव्य राख्नुभएको थियो । उनिहरुले पहिलो पटक वडाले सार्वजनिक सुनुवाई कार्यक्रम गरेको भन्दै हरेक वर्ष यस्तो कार्यक्रम गर्न आग्रह गर्दै वडालाई विभिन्न सुझावहरु दिएका थिए ।

प्रमुख अतिथी एवं रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले नगर तथा वडाबाट भैरहेका विकास निर्माणका कामहरुमा सधैँभरी नागरीकहरुले खबरदारी गर्नुपर्ने बताउनुभयो । उहाँले नागरीकहरुले खबरदारी गरेमा धेरै बिग्रन लागेका कामहरुमा समेत सुधार आउने बताउनुभयो । उक्त कार्यक्रममा बोल्दै रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी थापा कार्कीले सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि संचालन गरिने सार्वजनिक सुनुवाइ कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिन वडालाई आग्रह गर्नुभयो । यस्ता कार्यक्रमहरुले सेवाग्राहीलाई सन्तुष्टि प्रदान गरी विश्वासको वातावरण कायम गर्न मद्धत पुग्ने उहाँले बताउनुभयो ।

रामेछाप नगरपालिकाका प्रबत्ता समिर कार्कीले नगरपालिकाले पछिल्लो समय धेरै राम्रा कामहरुको सुरुवात गरेको बताउनुभयो । नगरबाट भएका राम्रा कामहरुको तारिफ र नराम्रा कामहरुको खबरदारी गर्न उहाँले नागरीकहरुलाई अनुरोध गर्नुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा आग्रह गरेका थिए ।

# डिभिजन वन कार्यालय रामेछापको अगुवाईमा सरसफाई

रामेछाप । डिभिजन वन कार्यालय रामेछापले मितिः २०८० साल जेठ ३१ गते वन डिभिजन रामेछापका प्रमुख ओम सागर भण्डारीको नेतृत्वमा जिल्ला अस्पताल रामेछाप परिसर वरपर सरसफाई कार्यक्रमको आयोजना गरेर जिल्ला अस्पताल रामेछाप आसपासका फोहरहरु हटाएको छ । "प्लाष्टिकबाट हुने वातावरण प्रदुषण नियन्त्रण गर्न प्लाष्टिक जन्य वस्तुको प्रयोगलाई निरुत्साहित गरौँ" भन्ने नाराका साथ सरसफाई कार्यक्रम गरिएको हो ।

वातावरणीय प्रदूषण गर्ने मुख्य तत्वहरु मध्ये प्लाष्टिकजन्य बस्तु पनि एक हो, यसलाई नियन्त्रण गर्न तर्फ सबै सरोकारवाला निकाय तथा नागरिक समाज बीचको सहकार्य जरुरी रहेको डिभिजनल वन अधिकृत ओमसागर भण्डारीले कार्यक्रममा सहभागी बीच बताएका छन । उनले थपेका छन् , प्लाष्टिकजन्य बस्तुको बिस्थापित गर्दै नजाने हो भने प्रदूषण न्यूनिकरण नहुने उहाँले बताउनुभयो । डिभिजन वन कार्यालयले जिल्लाका विभिन्न ठाउँहरुको बजार,नदी र आसपासको क्षेत्रमा प्लाष्टिक लगायतका फोहर सरसफाई तथा व्यवस्थापन गर्दै आएको छ ।वातावरण दिवशको केही दिन पछाडी पारेर हामीले वातावरणलाई सफा र हराभरा पार्न जनचेतनाको प्रवाह पनि होस र बिरामीहरु आउने क्षेत्रमा फोहोर नहोस भनेर अस्पताल क्षेत्रमा सफाई गरेको बताए । अहिले मात्र सफा गरेर हुदैन आ-आफ्नो घर आगनवाट सरसफाई गरी वातावरण सफा राख्न पनि सबैमा आग्रह गरेका थिए ।

उक्त कार्यक्रममा डिभिजन वन कार्यालय रामेछापका सहायक वन अधिकृत देबेन्द्र यादव लगायत कर्मचारीहरु सरसफाई व्यवस्थापनमा खटिएका थिए । कार्यक्रम अस्पतालको आगनमा भेलाभई तीन भागमा बिभाजन गरेर शुरु गरिएको थियो । तीन समुहमा बिभाजन गरिएको समूहले तीनतिरवाट ल्याईएको फोहोरलाई अस्पताल गेटमा एकमुष्ट जम्मा गरी नगरपालिकाको गाडीमा पठाईएको थियो ।

कार्यक्रमको समापन जिल्ला अस्पताल रामेछापका याम बहादुर पाख्रिनले गरेका थिए । उनले सोही अवसर पारेर वनले बनाउन लागेको अस्पताल नजिकैको पार्कमा बनको रुख कटान समस्या झेल्नु परेको अस्ति भरखरै वनमा आगलागी भयो आगलागी हुदा वनभित्र रहेका सुकेका रुखहरु समयमानै हटाउन सकेको भए यतिधेरै ठुलो आगलागी नहुने थियो । यस्ता घटनाको वारेमा बन प्रमुख भएको वेला राख्न पाउदा हामीलाई सहयोग पुग्छ भन्ने विश्वास लिएको छु । भन्दै धाराणा राखेका थिए ।



# ह्वावे र आइसिटी फाउन्डेसनबीच सम्झौता

काठमाडौं । डिजिटल नेपाल कन्क्लेभ २०२३ आयोजनाको लागि आज ह्वावे र आइसिटी फाउन्डेसन नेपालबीच सम्झौता भएको छ । डिजिटल रुपान्तरणको प्रयास स्वरूप आयोजना हुने कन्क्लेभमा सरोकारवाला, नीति निर्माता, डिजिटल उद्योगका अग्रणी व्यप्तिहरु एकैठाउँमा उपस्थित




हुनेछन । शुक्रवार ह्वावे नेपाल कार्यालयमा भएको सम्झौतामा ह्वावे नेपालका सिइओ हवांङ जुन र आइसिटी फाउन्डेसन नेपालका अध्यक्ष राजन लम्सालबीच

हस्ताक्षर भएको हो डिजिटल नेपाल कन्क्लेभ २०२३ यहि असार ८ र ९ गते सोल्टी काठमाडौंमा आयोजना हुनेछ। कन्क्लेभमा नेपाल बाहेक दक्षिण कोरिया, सिंगापुर, भारत, बंगलादेश, अमेरिका लगायतबाट प्रस्तुतिको लागि बिज्ञहरुको उपस्थिति हुनेछ ।'फोस्टरिङ डिजिटल्ली सक्षम नेपालछ को नारा सहित आयोजना हुने कन्क्लेभले डिजिटल रुपान्तरणको लागि नेपालको सक्षमता र यसको लागि आवश्यक नीति र कार्यान्वयनमा जोड दिने आयोजकले जानकारी दिएको छ ।

डिजिटल नेपाल कन्क्लेभको प्रि-इभेन्टको रुपमा फाउण्डेसनले सातै प्रदेशमा डिजिटल प्रदेश संवाद कार्यक्रम सञ्चालन गरेको थियो । यसवर्ष सातै प्रदेशको डिजिटल अवस्था समेटेर एक रिसर्च पुस्तिका पनि प्रकाशन हुने फाउन्डेसनले जनाएको छ। 'डिजिटल नेपाल कन्क्लेभछ डिजिटल नेपालको अभियानलाइ सघाउ पुर्याउने गरि फाउन्डेसनले गतवर्षदेखि सुरु गरेको बृहत सम्मेलन हो ।

# आइएमई पेको मोबाईल रिचार्जमा ५% सम्म क्यासब्याक

काठमाडौं। 'आइएमई पेछ ले मोबाईल रिचार्जमा दिईरहेको क्यासब्याकलाई निरन्तरता दिने भएको छ ।




आइएमईको २३ औं वार्षिक उत्सवको अवसरमा आइएमई पे मार्फत मोबाईल रिचार्ज गर्दा पाइने क्यासब्याक निरन्तरता दिने निर्णय गरेको हो । केही समय यता सुरु गरिएको टपअप क्यासब्याक अन्तर्गत, रजिस्टर नम्बरमा रिचार्ज गर्द ग्राहकले ५५ क्यासब्याक पाउने छन् । भने अन्य नम्बरमा रिचार्ज गर्दा २% क्यासब्याक पाउने छन् ।

# जिरीमा 'डिजिटल साक्षरता कार्यक्रम' सम्पन्न

काठमाडौँ । डिजिटल बैंकिङको बारेमा जनचेतना बढाउन र वित्तीय कारोबारलाई सुरक्षित गर्न विभिन्न नवीनतम तरिकाहरूका साथ अगाडि बढ्दै आएको फोनपेले हालै प्राइम कमर्सियल बैंकसँगको सहकार्यमा जिरीमा 'डिजिटल साक्षरता कार्यक्रमछ सम्पन्न गरेको छ ।

फोनपेले विभिन्न क्षेत्र एवम् समुदायहरुमा डिजिटल पेमेन्ट सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । सुरक्षित एवं सहज तरिकाबाट रकम स्थानान्तरण गर्न, डिजिटल ठगी हुनबाट बच्न, एवं अन्य




सुरक्षाको उपायहरु अबलम्बन गर्न जस्ता विभिन्न पक्षहरुलाई समेट्दै जिरीमा यो साक्षरता कार्यक्रमको आयोजना गरिएको कम्पनीले जनाएको छ । फोनपेको आयोजना तथा प्राइम कमर्सियल बैंकको सहकार्यमा सञ्चालित साक्षरता कार्यक्रमको उद्घाटन समारोहमा जिरी नगर प्रमुख मित्र बहादुर जिरेल, उपप्रमुख कृष्णमाया बुढाथोकी, दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमला, नेपाल राष्ट्र बैंकका डाइरेक्टर कृष्णराम धोजू, उद्योग बाणिज्य संघ जिरीका बाबुराजा श्रेष्ठ, जिरीका प्रहरी निरीक्षक विष्णु बहादुर वस्नेत, तारा दल गणका प्रमुख शेर बहादुर वस्नेत, प्राइम कमर्सियल बैंकका महाप्रबन्धक अमृत चरण श्रेष्ठ, फोनपेका चिफ विजिनेस अफिसर सुमित दास, प्राइम कमर्सियल बैंकका सहायक महाप्रबन्धक सुरेश मान सिंह तथा फोनपेका बिजिनेस डेभलपमेन्ट म्यानेजर रुशान्त श्रेष्ठको सहभागिता रहेको थियो ।

"डिजिटल कारोबारलाई प्रोत्साहन गर्दै आएको फोनपे मार्फत रकम प्राप्त गर्ने व्यक्तिको मोबाइल नम्बर राखेर तुरुन्तै, अन्तर-बैंक कारोबार मार्फत् तुरुन्तै रकम पठाउन सकिने" कुरा फोनपेका चिफ विजिनेस अफिसर सुमित दासले बताए । त्यस्तै "प्राइम कमर्सियल बैंकको मोबाइल बैंकिङ्ग एपमा भएको क्युआर पेमेन्ट, फोनपे डाइरेक्ट जस्ता सुविधाहरुको प्रयोग गरेर रकम स्थानान्तरण तथा विभिन्न सेवा तथा वस्तु प्रदायकहरुमा भुक्तानी गर्न सकिने" कुरा प्राइम कमर्सियल बैंकका महाप्रबन्धक अमृत चरण श्रेष्ठले बताए ।

विभिन्न क्षेत्र एवं समुदायका व्यक्तिहरुको सहभागिता रहेको उक्त कार्यक्रममा स्थानीय एवं क्षेत्रीयस्तरमा उल्लेखनीय सहभागिता रहेको थियो । उक्त कार्यक्रममा अन्तक्रिया एवं समाजमा घटेका घटनाहरुको उल्लेख समेत गरिएको थियो ।

# डिजिटल बैंकिङ सम्बन्धि एकदिने गोष्ठि सम्पन्न

काठमाडौं । फिनटेक सेन्टर नेपालले विभिन्न बैंक तथा वित्तीय संस्थाका कार्यकारीहरूलाई असार १ गते शुक्रबार आर्यन बुटिक होटल काठमाडौंमा डिजिटल बैंकिङ सम्बन्धि वर्कशप कार्यशाला गोष्ठि सम्पन्न गरेको छ । सो कार्यशालाका स्रोत व्यक्तिको रूपमा आईटी विज्ञ तथा



डिजिटल इन्टरप्राइज आर्किटेक्ट विवेक राणा हुनुहुन्थ्यो । उहाँको कार्यपत्र प्रस्तुतिकरण अनुसार नेपालमा डिजिटल बैंकिङमा कसरी सहज सरल र अझ विश्वसनीय ढंगले सुविधा प्रदान गर्न सकिन्छ भन्नेमा केन्द्रित थियो ।

प्रथम सत्रमा डिजिटल बैंकिङ् ड्राइभर र डिजिटल इको सिस्टम इन नेपाल सम्बन्धी प्रस्तुतिकरण, दोस्रो सत्रमा डिजिटल स्ट्राटिजिज र डिजिटल बैकिङ् सम्बन्धी परिचय तथा अवधारणा प्रस्तुतिकरण, तेस्रो सत्रमा सेटिङ् अप डिजिटल बैकिङ् प्रस्तुतिकरण साथै डिजिटल बैकिङ सम्बन्धी केश स्टडिज र सहभागीहरुबाट प्रस्तुतिकरण रहेको थियो । सो एकदिने कार्यशाला बिहान ९ बजेदेखि दिउँसो ५स३० बजेसम्म सञ्चालन भएको थियो ।

डिजिटल बैंकिङ रणनीति र अवसर बारे वृहत एकदिने सो डिजिटल बैंकिङ कार्यशाला नेपालमै पहिलो पटक आयोजना भएको आयोजक तथा फिनटेक सेन्टर नेपालका अध्यक्ष मिलन राज नेपालीले जानकारी दिनुभयो ।

नेपालीका अनुसार वर्कशपमा बैंक तथा वित्तीय संस्थाका कार्यकारी, विभाग प्रमुख, वरिष्ठ प्रबन्धक र डिजिटल बैंकिङमा चासो राख्ने भेन्डर तथा परामर्शदाताहरुको उल्लेखनीय सहभागीता रहेको थियो ।

# 'माउन्ट केटु' आरोहणमा पूर्णिमा श्रेष्ठलाई आइएमई पे को साथ

काठमाडौं । नेपाली महिला हिमाल आरोही पूर्णिमा श्रेष्ठ, पाकिस्तानको काराकोरम क्षेत्रमा अवस्थित ८००० मिटर माथिका ५ हिमालहरू चढ्न जादै छिन् ।

पूर्णिमाको यस प्रयासलाई सम्मान तथा साथ दिदै 'आइएमई' र 'आइएमई पे' ले पूर्णिमाको आरोहण अभियानमा आर्थिक सहयोग गर्ने भएको छ । विश्वका सबै भन्दा उच्च १४ वटा शिखरहरू चढ्ने लक्ष्य राखेकी




पूर्णिमाले काराकोरम हिमशृङखलाको ५ विभिन्न शिखर आरोहण गर्ने क्रममा विश्वको दोश्रो अग्लो हिमाल माउन्ट केटु पनि आरोहण गर्न लागे की हुन् । ७५ दिन लामो सो आरोहण यात्रा जेठ ३० पश्चात् सुरु हुनेछ । संसारको १४ उच्च शिखर आरोहण गर्ने नेपाली नारी हुने तथा युवा तथा महिला सशक्तिकरण गर्ने लक्ष्यका साथ पूर्णिमाले आफ्नो यो आरोहण यात्रा सुरु गरेकी हुन् ।

फोटो पत्रकार समेत रहेकी पूर्णिमाले ६ वर्ष अघि पर्वतारोहणको यात्रा सुरु गरेकी हुन् । उनले नेपालमा रहेका ८००० मिटर माथिका ७ वटा शिखरहरू आरोहण गरी सकेकी छिन् ।

# अर्थ संसार

## नबिल र एसियन पेन्टसबीच च्यानल फाइनान्सिङको सम्झौता

काठमाडौं । नबिल बैंक लिमिटेड र एसियन पेन्टस् नेपाल प्रा. लि बिच च्यानल फाइनान्सिङ सुविधाको लागि सहकार्य गरिएको छ । च्यानल फाइनान्सिङ सहकार्य सम्बन्धमा सोमबार दुई पक्षीय समझदारी गरिएको हो ।



नबिल बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना र एसियन पेन्टसका तर्फबाट कन्ट्री डाइरेक्टर गोपाल कृष्णनले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । कार्यक्रममा नबिलका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुजित कुमार शाक्य, नायव प्रमुख कार्यकारी अधिकृत बिनय रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे र एसएमई, लघुवित्त तथा दिगो बैंकिङका प्रमुख निरज बस्नेत डनिल, एसियन पेन्टस्का प्रमुख बित अधिकृत समीर श्रेष्ठका साथै एसियन पेन्टस्का अन्य कार्यकारीहरूको पनि उपस्थिति थियो ।

यस सम्झौता अन्तर्गत एसियन पेन्टस् नेपालसँग आबद्ध व्यवसायीहरूले च्यानल फाइनान्सिङको रूपमा थप व्यवसाय विस्तार गर्न चालु पुँजीमा लगानी गर्ने उद्देश्यका लागि आकर्षक ब्याजदर र न्यून धितो अनुपातमा नबिल बैंकका देशैभरि फैलिएका शाखा सञ्जालहरूबाट च्यानल फाइनान्सिङ् कर्जा उपभोग गर्न पाउने छन् ।

च्यानल फाइनान्सिङका प्रमुख आकर्षण अन्तर्गत आफ्ना वितरकहरूलाई सामान बिक्री गरेको बिल बराबरको पुरा रकम भुक्तानी हुने कर्जा सुविधा उपलब्ध हुने बताइएको छ । बैंकले सम्बन्धित व्यवसायीहरूको लागि व्यवसाय विस्तार गर्न अन्य सेवा तथा एसएमई कर्जाहरू समेत सहुलियत दरमा उपलब्ध हुने बताइएको छ

## एन आई सी एशिया बैंकद्वारा QR Merchant Activation योजना सार्वजनिक

काठमाडौ । डिजिटल बैंकिङ्गमा देशको अग्रणी बैंकको रुपमा स्थापित एन आई सी एशिया बैंकले डिजिटल भुक्तानीलाई थप विस्तार र प्रोत्साहन गर्न आफ्नो त्तच कोडमार्फत भुक्तानी लिने मर्चेन्टहरूलाई विभिन्न आकर्षक सुविधा सहितको QR Merchant Activation योजना सार्वजनिक गरेको छ । डिजिटल च्यानलबाट हुने भुक्तानीलाई बढी भन्दा बढी सेवाग्राहीहरू

NIC ASIA
एन आई सी एशिया बैंक लि.

समक्ष पुऱ्याउने हेतुले बैंकले ल्याएको यो योजना २०८० आषाढ मसान्तसम्म सञ्चालन हुनेछ भने उक्त समयभित्र पहिलोपटक भुक्तानी लिने मर्चेन्टहरू मात्र यस योजनामा समावेश गरिनेछ ।

देशभर २ लाखभन्दा बढी मर्चेन्टहरूमाझ उपस्थिती जनाइसकेको यस बैंकले QR भुक्तानीलाई प्रोत्साहन गर्ने हेतुले विभिन्न कम्पनीहरूसँगको समझदारीमा पहिलो पटक कारोबार गर्ने मर्चेन्टहरूलाई सम्बन्धित साझेदार कम्पनीहरू मार्फत आकर्षक लाभको व्यवस्था गरेको छ ।

यस योजना अनुसार यति एयरलाइन्सको तर्फबाट एक जोडीलाई माउन्टेन फ्लाइट टिकट, काठमाडौं सुपरमार्केटको तर्फबाट रु. २ हजार बराबरका १० वटा ह्याम्परTricot Industries को तर्फबाट ५-५ हजार बराबरको १०० वटा भौचर, Hard Rock Café को तर्फबाट १० वटा ल्यल-ख्मन द्यत्त को भौचर, बिग डिजिटलको तर्फबाट एक-एक थानRice Cooker, Breakfast Maker Hand Blender र सिजी डिजिटलको तर्फबाट एक-एक थान :mixer Grinder, Induction Cooker tyf Dry Iron को व्यवस्था गरिएको छ ।

साथै, बैंकले Tranquility Spa को तर्फबाट ५० वटा भौचर, अगेनो सेकुवाको तर्फबाट एक-एक हजारका ४ वटा भौचर, हुकुट स्टोरको तर्फबाट ६ वटा घडी एवं २ वटा इयरबड, कुटुम्ब होटलको तर्फबाट दुई-दुई हजारका ५ वटा भौचर, अपटाउन रेष्टुरेन्टको तर्फबाट १५-१५ सय बराबरको ५ वटा भौचर र स्क्वायर होटलको तर्फबाट दुई-दुई हजारका ३ वटा भौचर प्रदान गर्नेछ ।

यसरी उपलब्ध फाइदाहरु बैंकले २०० मर्चेन्टहरूलाई निजहरुको कारोबार रकम र कारोबार संख्याका आधारमा छनौट गर्नेछ भने समझदारी प्रदान गरेका कम्पनीहरूले हस्तान्तरण गर्नेछन्

# असार १ गतेदेखि सडक खन्न प्रतिबन्ध

काठमाडौं । सरकारले असार १ गतेदेखि सडक खन्न प्रतिबन्ध लगाएको छ । असार १ गतेदेखि भदौ मसान्तसम्म सडक खन्न रोक लगाइएको सडक विभागले जनाएको छ ।वर्षायाममा धारा, ढल, बिजुली, टेलिफोन आदि प्रयोजनका लागि सडक खन्दा तत्काल मर्मत सम्भार गरी यथास्थितिमा ल्याउन नसकिने र सडक पनि थप बिग्रिँदै जाने भएकाले सडक खन्न रोक लगाइएको विभागले जारी गरेको सूचनामा उल्लेख छ ।




असार १ गतेदेखि भदौ मसान्तसम्मको अवधिमा संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं र सडक डिभिजनहरु मातहतका कुनै पनि सडक खन्ने स्वीकृति नदिइने विभागले जनाएको छ ।यदि कसैले जबर्जस्ती सडक खनेको पाइएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार कडा कारबाही गरिने चेतावनी समेत दिइएको छ । यो कार्यमा सबैको सहयोगको अपेक्षा पनि राखेको विभागले जनाएको छ ।

# नागरिकता माग्दै जनता माइतीघरमा

काठमाडौं । नागरिकताको माग गर्नेहरुले काठमाडौंको माइतीघरमा आज प्रदर्शन गरेका छन् । सरकारले जन्मसिद्ध नागरिकता भएकाका



सन्तानलाई पनि नागरिकताबाट बन्चित गरेको भन्दै माइतीघरमा प्रदर्शन भएको हो ।

प्रदर्शनमा सहभागी वीरगञ्जका उत्तमकुमारले नागरिकता पाउने संवैधानिक अधिकारबाट आफूहरु बन्चित भएको बताए । विदेशी नागरिकहरुले सजिलै नागरिकता पाइरहेको तर आफ्नी छोरीले नागरिकता नपाएको उनले बताए । आफ्नो र आफ्नी श्रीमतीको जन्मसिद्धको नागरिकता भए पनि छोरीलाई नागरिकता नदिइएको उनको गुनासो छ ।

प्रचण्ड नेतृत्वको अहिलेको सरकारको सिफारिसमा नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भइसके पनि सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण कार्यान्वयनमा आउन बाँकी छ । उत्तम कुमारले न्यायालय र कानुन व्यवसायीहरुप्रति पनि आक्रोश पोखे ।

# नौबिसेमा मुख्य सुरुङ खन्ने काम ८५.७०% सकियो

काठमाडौं। नागढुंगा-नौबिसे सुरुमार्गको मुख्य सुरुङ खन्ने कामको प्रगति ८५.७० प्रतिशत पुगेको छ। ५ हजार ४ सय ९९ मिटरमध्ये अब ७ सय ८६ मिटर मात्रै खन्न बाँकी छ।

काठमाडौंतर्फ मुख्य सुरुङ ९ सय ३७.८० मिटर र इभ्याकुएसन १ हजार २ सय ६६.७० मिटर पुरा भएको आयोजनाले मासिक प्रकाशन गर्ने प्रगति प्रतिवेदनले देखाएको छ। धादिङतर्फ ११३३.२० मिटर मुख्य र ११३८.१० मिटर इभ्याकुएसन टनेल खन्ने काम पुरा भएको छ। धादिङतर्फ १ सय २६ मिटर अडिट टनेल पूरा भएको छ भने ११०.७० मिटर क्रस प्यासेज निर्माण भएको छ।

इभ्याकुएसन टनेल आपतकालीन अवस्थामा प्रयोगका लागि मुख्य सुरुङमार्गसँगै समानान्तर हुनेगरी बनाइने सुरुङ हो। यसरी समानान्तर हुनेगरी खनिने स्केप टनेललाई प्रत्येक ३७५ मिटरमा सहायक बाटो (क्रस प्यासेज) ले मुख्य सुरुङसँग जोड्छ।

सुरुङमार्गको फिनिसिङको काम पनि दुवैतर्फबाट भइरहेको आयोजनाले जनाएको छ। आयोजनाका अनुसार फिनिसिङको लागि कंक्रिट लाइनिङ गर्ने काम ३५.९० प्रतिशत अर्थात ९६५.७० मिटर सकिएको छ।

आयोजनाले हरेक महिना यसको काम १ सय मिटर पुरा गर्ने गरेको छ। यो फिनिसिङ लाइनिङको काम पुरा भएको स्थानमा गाडी संचालन गर्ने सकिने अवस्थामा तयार पारिएको छ । हालसम्म भौतिक रुपमा लगभग ५५.१३६ प्रतिशत काम सम्पन्न भएको छ । जसमा आर्थिक रुपमा ५८.७० प्रतिशत खर्च भइसकेको आयोजनाले जनाएको छ । अहिले आयोजनाले निर्माण व्यवसायीलाई मासिक ५ करोडदेखि ६ करोडसम्म भुक्तानी




गर्ने गरिएको छ। यसरी हालसम्म लगभग १२ अर्ब रुपैयाँ खर्च भएको आयोजनाले जनाएको छ। आयोजनाको म्याद एक वर्षको लागि थप भएको छ। सन् २०२४ अप्रिल २५ सम्म म्याद थपिएको हो। यसैगरी, फ्लाइओभर निर्माणको काम पनि धमाधम भइरहेको छ। यस आयोजनामा निर्माण गर्न

# बाढीपहिरो प्रभावित क्षेत्रको अवलोकन गर्न प्रधानमन्त्री प्रचण्ड तुम्लिङटार पुगे

काठमाडौ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाढीपहिरो प्रभावित क्षेत्रको अवलोकनका लागि संखुवासभाको तुम्लिङटार पुगेका छन् । आइतबार परेको अबिरल वर्षाका कारण आएको बाढीपहिरोमा परी संखुवासभामा १ जनाको मृत्यु १८ जनाभन्दा बढी बेपत्ता भएका थिए । प्रधानामन्त्रीले प्रमुख जिल्ला अधिकारीसँग जिल्लामा राहत र उद्दारका लागि भइरहेका गतिविधिबारे जिज्ञासा राखेको उनको सचिवालयले जानकारी दिएको छ ।

साथै उद्दार, राहत र बेपत्ताहरुको खोजी कार्यमा जिल्लाका सबै सरकारी



संयन्त्रलाई निर्देशन र अन्य स्वयंसेवी संघसंस्थालाई पनि प्रधानमन्त्रीले अपील गरे । प्रधानमन्त्रीले तत्कालै सडक सञ्जाल जोड्न बेलिब्रीज, घरबार बिहिनलाई तत्काल स्थानान्तरण र भोलिको आवासको लागि व्यवस्था मिलाउन आवश्यकता अनुसार सरकारले तदारुकताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# पवजी गेम तुरुन्त बन्द गर्न सरकारसँग माग

काठमाडौँ । लोसपा सांसद रामप्रकाश चौधरीले पब्जी गेम बन्द गर्न सरकारसँग माग गरेका छन् ।सोमबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद चौधरीले पब्जी गेमका कारण बालबालिकाहरु बिग्रँदै गएको भन्दै तत्काल बन्द गर्न आग्रह गरेका हुन् ।



'यो पब्जी गेम तुरुन्त बन्द गरियोस् । आज हाम्रा बालबालिका ठोकठोक, मारमार भन्दाभन्दै पागलजस्तो भएका छन् । त्यसैले यो पवजी गेम तुरुन्त बन्द गरियोस्छ, सांसद चौधरीले संसदमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।

लागिएको फ्लाइओभर निर्माणको कामले पनि तीव्रता पाएको आयोजनाले जनाएको छ। अहिले यस फ्लाइओभर निर्माणमा ३ वटा फाउन्डेसनको काम सम्पन्न भएको छ।

यस्तै ५ वटा सबस्ट्रक्चर निर्माण गर्नुपर्नेमा २ वटाको काम सम्पन्न भएको उक्त प्रतिवेदनमा उल्लेख छ। यसमा अहिलेसम्मको भौतिक प्रगति ५२ प्रतिशत सकिएको छ।

यसैगरी, ३ वटा अन्डरपास, ४ वटा बक्स कल्भर्ट, एउटा ओभरपास र ३ वटा साना पुलहरु निर्माण गर्ने काम सम्पन्न भइसकेको छ। आयोजनाका अनुसार यसका लागि जग्गा अधिग्रहण गर्न मुआब्जा वितरणको काम पनि ९६ प्रतिशत सम्पन्न भएको छ।

यो फ्लाइओभर काठमाडौंबाट सुरुङमार्ग जान र सुरुङमार्गबाट काठमाडौं आउनको लागि प्रयोग गरिन्छ। बीचमा फ्लाइओभर हुन्छ। फ्लाइओभरको दुबै साइडतिर भने सडक नै हुन्छ। यही सडकले सब-वे जोड्ने काम गर्छ। यस्तै थानकोटबाट जाने र छिर्ने बाटो भने फ्लाइओभरको दायाँ साइडबाट प्रयोग गरिन्छ।

## खेलकुद

# इटलीलाई २-१ ले पराजित गर्दै स्पेन नेशन्स लिगको फाइनलमा प्रवेश

काठमाडौं । सब्सिच्युट खेलाडी जोसेलुले खेल सकिन दुई मिनेट बाँकी छँदा निर्णायक गोल गरेपछि इटलीलाई २-१ ले पराजित गर्दै स्पेन युइएफए नेशन्स लिगको फाइनलमा प्रवेश गरेको छ ।



स्पेनले अब उपाधिका लागि क्रोएसियासँग खेल्नेछ । क्रोएसियाले पहिलो सेमिफाइनलमा नेदरल्याण्ड्सलाई पराजित गरेको थियो । नेदरल्याण्ड्सको डे ग्रोस भेस्टेमा भएको खेलको तेस्रो मिनेटमै यरेमी पेनोले गोल गर्दै स्पेनलाई अग्रता दिलाएका थिए । तर ११औं मिनेटमै इटलीका सिरो इम्मोबाइलले पेनाल्टीमा गोल गर्बै खेल बराबरी गरे २१औं मिनेटमा इटलीका डेभिड फ्राटेसीले गोल गरे पनि भिएआरले मान्यता दिएन ८८औं मिनटमा जोसेलुले गोल गर्दै स्पेनलाई २-१ को जित दिलाए उनी ८४ औं मिनेटमा अल्भारो मोराटाको स्थानमा मैदान प्रवेश गरेका थिए ।।

स्पेन र क्रोएसियाबीचको फाइनल खेल आउने सोमबार हुनेछ । २०२१ मा पनि नेशन्स लिगको फाइनल पुगेको स्पेन फ्रान्ससँग पराजित भएको थियो । २०१२ मा उरो जितेपछि स्पेनले कुनै उपाधि जित्न सकेको छैन ।

# जुन १८ देखि २५ काभा पुरुष भलिबल नेसन्स लिग सुरु

काठमाडौं । कीर्गिस्तानको बिस्केकमा आजदेदखि काभा पुरुष भलिबल नेसन्स लिग सुरु हुँदैछ । जुन १८ देखि २५ सम्म हुने नेसन्स लिगमा नेपालले आज पहिलो खेलमा मंगोलियासँग खेल्दैछ ।



नेपालले मंगोलियासाग २०१८ पछि पहिलो पटक खेल्न लागेको हो । २०१८ मा इन्डोनेसियामा भएको एसियन गेम्समा नेपालले मंगोलियालाई पराजित गरेको थियो ।सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) को कार्यक्रम अनुसार हुन लागेको नेसन्स लिगमा नेपालसहित कुल ७ टिमले प्रतिस्पर्धा गर्नेछन् । जसमा घरेलु टोली कीर्गिस्तानको भने दुई टिम समावेश छन् ।

नेपालले दोस्रो खेल जुन १९ मा घरेलु टोली कीर्गिस्तानसँग खेल्नेछ भने तेस्रो खेल इरानसँग जुन २० मा खेल्नेछ । नेपालले जुन २२ मा तुर्कमिनेस्तान, जुन २३ मा कीर्गिस्तान बी टिम र जुन २५ मा उज्वेकिस्तानसँग खेल्नेछ ।

नेपालले यसपटक नयाँ कप्तान हरि हजुर थापाको नेतृत्वमा खेल्दैछ । नेपाली टिममा हेमन्त मल्ल , सफल विक र भीम गाहा मगर गरी तीन नयाँ खेलाडी छन् । काजखस्तानले पनि नखेल्ने काभा नेसन्स लिगमा सुरुमा सेन्ट्रल एसियाका ७ टिमले खेल्ने तय थियो । तर यसअघि नै पाकिस्तानले नाम फिर्ता लियो । पाकिस्तानको स्थानमा मंगोलियाले नेसन्स लिग खेल्ने भएपछि ७ टिम नै खेल्ने तय थियो । तर अन्तिम समयमा प्रतियोगिता सुरु हुनु एक साता अघि काजखस्तानले पनि नाम फिर्ता लिएको काभाले जनाएको छ । काजखस्तानले नाम फिर्ता लिएपछि अब ६ टिमले सहभागिता जनाउने भएको छ । यद्यपि आयोजक कीर्गिस्तानले आफ्नो बी टोलीलाई पनि प्रतियोगितामा खेलाउने निर्णय गरेको हो ।

प्रतियोगिता सिंगल राउण्ड रोबिनका आधारमा हुनेछ र लिग पछि धेरै अंक जोड्ने शीर्ष टोली च्याम्पियन हुने काभाले जनाएको छ । प्रतियोगिताको खेलहरु बिस्केकस्थित चोल्फन-अतामा रहेको स्पोर्ट्स एण्ड रिक्रिएसन कम्प्लेक्स गाज्प्रोममा हुनेछ ।

## झण्डाको दुरुपयोग...

। त्यस माथि छोटो समयमा उदाएको र केही समूहहरुले भगवान नै मान्दै आएका देशको चौथो राष्ट्रिय पार्टीको रुपमा २०७९ वाट स्थापित रास्वपाको सभापति रवि लामिछानेले नै राष्ट्रिय झण्डा दुरुपयोग गर्नु भनेको निक्कै भयानक गल्ती हो ।

यसरी देशको राष्ट्रिय झण्डा, राष्ट्रको प्रतिनिधित्व गरेर अन्तराष्ट्रि खेल खेलिरहेका खेलाडी वा कुनै देशले अर्को स्वतन्त्र देशलाई गर्ने र्दुव्यवारमा सघाउने त्यस देशका नागरिकलाई यस्ता संवेदनशील बिषयमा अनुसाशित र कठोर कानुन भएका देशहरुमा माफी दिने चलन नै हुदैन । त्यस्तै कठोर कानुन नेपालमा नभए पनि नेपालको कानुनले दिएको नियम अनुसार रास्वपाका सभापति रवि लामिछाने र त्यस राष्ट्रिय झण्डा दुरुपयोग गर्ने समूह प्रति कानुन अनुसार कारवाही गर्नुपर्छ भन्ने सर्वत्र आवाज उठ्न थालेको छ ।

झट्ट सुन्दा रविको विरोधमा लेखेको जस्तो लाग्ला तर रवि हुन की छवि देशको वारेमा राष्ट्रिय झण्डा जस्तो संवेदनशील बिषयमा भएको यो गल्ती कुनै क्षम्य हुन लाइक छैन ।

कुनै सामान्य नागरिकले यस्तो कार्य गरेको कतै सार्वजनिक भएको हुन्थ्यो भने नेपालको कानुनी कार्यन्वयन गर्ने निकायले यस्ता राष्ट्रिय झण्डा दुरुपयोग गर्ने समूह, व्याक्तिहरुलाई कानुनी कारवाही गरिसकेको हुन्थ्यो । त्यसकारण राष्ट्रिय झण्डा दुरुपयोग गर्ने जो कोही हुन तिनलाई कारवाही गर्न खुट्टा कमाउनु हुदैन । केही मानिसले भौवान मानेकै भरमा यसैगरी जे गरेपनि छुट दिदै जाने हो भने विधिको साशन, पारदर्शी समाज असल साशनको परिकल्पना शब्दमा व्यक्त गर्ने र कहिले काही कुनै कुनै पार्टीहरुले आफ्ना घोषणा पत्रमा लेख्न वाहेक अन्त काम नलाग्ने हुन सक्छन् ।

त्यसैले सम्बन्धित निकायले राष्ट्रिय झण्डा दुरुपयोग गर्ने समूह, व्याक्तिहरुलाई तत्कालको तत्कालै कारवाही गरोस् ।

## स्वदेशी गोलभैंडा...

मूल्य नै ४५ रूपैयाँ छ । यो नेपाली उत्पादनको तुलनामा झन्डै ६ गुणाले बढी हो ।

तीन महिनाको अवधिमा उपत्यकाको उत्पादनले नै सम्पूर्ण देशको माग धान्न सक्ने उत्पादकहरूको भनाइ छ । आर्गानिक युवक किसान सङ्घका अनुसार हाल उपत्यकाका गोलभैँडा काठमाडौँ र पोखराबाहेक अन्यत्र बिक्री भइरहेको छैन । काठमाडौँको पनि थोरै हिस्सा मात्रै स्वदेशी गोलभैँडाले ओगटेको छ । कालिमाटी बजार विकास समितिले नै भारतीय गोलभैँडालाई प्राथमिकतामा राख्ने गरेको किसानहरूको आरोप छ ।

आजभन्दा तीन दिनअघिसम्म पनि कालिमाटीमा भारतबाटै सानो गोलभैँडा आइरहेको थियो । जसका कारण स्वेदशी उत्पादनले न्यून मूल्यमा समेत बजार नपाइरहेको किसानको गुनासो छ । हाल थोक मूल्यमा ८ रूपैयाँ कायम भएको गोलभैँडाको किसानले पाउने मूल्य प्रतिकिलो दुई रूपैयाँ छ । जबकि यसको उत्पादन लागत नै ३५ रूपैयाँ रहेको सङ्घको भनाइ छ ।

## सहकारीका भगौडाहरु ...

नमा भएको व्यवस्था अनुसार कर्जा सूचना केन्द्र मार्फत कालोसूचिको व्यवस्था मात्रै राज्यले गरिदिदा सहकारीको ऋाण उठ्ने र वचतकर्ताको र कम फिर्ता हुने अवस्था आउछ । यो विषयमा राज्य किन गंभिर बनेको छैन, कतै राज्य पनि निजी क्षेत्रको दवावमा त छैन ? आम सहकारीकर्मीहरुले बुझ्न पर्ने विषय छ ।

सहकारीलाई बद्नाम गने 'हरुमा यतिबेला सहकारी र बैंकबाट ऋाण लिएर तिर्न नसकेकाहरु धेरै देखिए भन्ने चर्चा छ, सहकारी बन्द भए ऋाण तिर्न पर्ने थिएन भन्ने सोच उनीहरुको रहेको हुन सक्छ । सहकारी विभागले सहकारीबाट लगेको ऋाण नतिर्नेहरुलाई राज्यका सेवा सुविधा नदिने भन्ने एउटा निर्देशन मात्रै गर्ने हो भने धेरै सहकारीहरुको समस्या समाधान भइहाल्छ । राज्यले चाहने हो भने सहकारीका समस्या समाधान सहजै गरेर सदस्य केन्द्रीत सहकारीलाई थप प्रवर्द्धन गर्न सक्ने अवस्था छ ।

विभिन्न सहकारीहरुबाट पीडित भएकाहरु पनि यतिबेला सहकारीहरु सबै ठग हुन् भन्ने तरिकाले प्रचार गरिरहेको अवस्था छ, सबै खराव होइनन्, भन्ने कुरा उनीहरुलाई बुझाउनका लागि पनि उनीहरुको वचत फिर्ताका लागि राज्य र अभियानले गंभिरताका साथ काम गर्न जरुरी छ । सहकारी अभियानलाई जोगाउनका लागि खरावलाई कार्वाही र असललाई प्रोत्सान नै हो । विभिन्न प्रलोभन देखाएर वचतकर्ताहरुसंग पैसा असुल्ने र समस्या आयो भन्दै वेपत्ता भएका भगौडाहरुलाई कडा भन्दा कडा कार्वाही गरेर वचतकर्ताको पैसा फिर्ता गराउनका लागि सबैले खबरदारी गरौ ।

## सीमान्तकृत समुदायका...

पत्र तयार पार्ने क्रममा सीमान्तकृत समुदायका केहीसँग भेटघाट गरेको जानकारी दिँदै सीमान्तकृत समुदायका बालिका आफ्नो अधिकारबाट वञ्चित रहेको पाइएको बताइन् ।

दाजु भाइका महासचिव अशोक शिवाकोटीले अधिकार विहीन बालिकाहरूको अधिकार सुनिश्चित गर्नका लागि यो आधार पत्रले सरोकारवाला निकायलाई दबाव दिने विश्वास व्यक्त गरे ।

हामी दाजुभाइ नेपालमा लैङ्गिक समानताका लागि विशेष गरी पुरुष र पुरुषत्व, लिङ्ग र लैङ्गिकताका बारे पुरुष तथा बालकहरुसंग समेत काम गर्दै आएको सामाजिक संस्था हो

# रामेछापमा १३२ केभीको सबस्टेसन सञ्चालन

रामेछाप जिल्लाको मन्थली नगरपालिका-१३ साँखे (फुलासी)स्थित नयाँ खिम्ती सबस्टेसनमा निर्माण गरिएको १३२/३३/११ किलोभोल्ट (केभी) सबस्टेसन पूर्वाधार सञ्चालनमा आएको छ । रामेछाप (गर्ज्याङ)-नयाँ खिम्ती १३२ केभी प्रसारण लाइन आयोजनाअन्तर्गत स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि निर्माण गरिएको सबस्टेसन बिहीबारबाट सञ्चालनमा ल्याइएको हो ।

सबस्टेसनमा ३० एमभिए क्षमताका २ वटा र ३३/११ केभी, ६/८ एभिए क्षमताको १ वटा पावर ट्रान्सफर्मरहरु राखिएका छन् । स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि सबस्टेसनबाट ३३ केभीका ५ वटा र ११ केभीका तीन वटा फिडर लाइनहरु निकालिएका छन् । ३३ केभीका फिडरलाई बिहीबार चार्ज गरी रामेछापको मन्थली, दोरम्बा र दोलखाको केही भागमा विद्युत् आपूर्ति दिन सुरु गरिएको छ । ११
केभीको एउटा फिडर लाइनमार्फत खिम्ती ग्रामीण विद्युत् सहकारीलाई आपूर्ति दिइने छ । उक्त सहकारी दोलखा र रामेछापको केही क्षेत्रमा विद्युतीकरण गरेको छ ।

दोलखामा सञ्चालित ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले २२०/१३२ केभी क्षमताको नयाँ खिम्ती सबस्टेसन निर्माण गरेको थियो । तर, सबस्टेसनमा स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि कुनै व्यवस्था नभएपछि नेपाल विद्युत् प्राधिकरणले १३२/३३/११



केभीको सबस्टेसन पूर्वाधार बनाएको हो । १३२/३३ केभीको पूर्वाधार तयार भएपछि नयाँ खिम्ती सबस्टेसनबाट स्थानीय रुपमा विद्युत् आपूर्ति दिन सुरु भएको छ । नयाँ खिम्ती सबस्टेसनमा माथिल्लोतामाकोशीसहित खिम्ती र लिखू नदी करिडोरका जलविद्युत् आयोजनाहरुको विद्युत् जोडिएको छ । ती आयोजनाहरुबाट नयाँ खिम्ती सबस्टेसनमा प्रवाह भएको विद्युत्लाई १३२/३३ केभी सबस्टेसनमार्फत ३३ तथा ११ केभीमा झारेर स्थानीय रुपमा आपूर्ति गरिएको छ । बाँकी विद्युत्लाई २२० केभी प्रसारण लाइनमार्फत धनुषाको ढल्कबर र १३२ केभी लाइनमार्फत सिन्धुपाल्चोकको लामोसाँघू सबस्टेसनतर्फ प्रवाह गरिएको छ । १३२/३३/११ केभी सबस्टेसन सञ्चालनमा आएपछि रामेछाप र दोलखाको केही भागमा त्यहींबाट विद्युत् आपूर्ति दिइएको छ । रामेछाप जिल्लाको पूरै क्षेत्रमा र दोलखाको जिरी नगरपालिका, वैतेश्वर तथा तामाकोशी गाउँपालिका अन्तर्गतका क्षेत्रमा नयाँ खिम्ती सबस्टेसनबाट विद्युत् आपूर्ति दिइएको छ । दोलखाको ती क्षेत्रमा अहिले लामासाँघू सबस्टेसबाट विद्युत् आपूर्ति हुँदै आएको थियो । साथै, सिन्धुलीको सुनकोशी, फिकल र गोलाञ्जोर गाउँपालिकाअन्तर्गतका क्षेत्रमासमेत नयाँ खिम्ती सबस्टेसनबाट विद्युत् आपूर्ति दिइने छ ।

# अन्तराष्ट्रिय समाचार

## ग्रिसमा डुंगा दुर्घटना हुँदा ७८ जनाको मृत्यु

काठमाडौं । ग्रिसमा प्रवासीहरु सवार डुंगा दुर्घटना हुँदा ७८ जनाको



मृत्यु भएको छ । डुंगामा सवार ७५० जनाहरुमध्ये ७८ जनाको शव फेला परेको हो । अन्य व्यक्तिहरु वेपत्ता छन् । उनीहरुको खोजी जारी छ ।

उक्त डुंगाको तल्लो तलामा करिब एक सय जना बालबालिका र महिलाहरु पनि थिए । दुर्घटनाबाट बाँचेकाहरुले बालबालिकाको संख्याबारे जानकारी दिएको जनाएको छ । ती महिला र बालबालिकाहरुको अवस्था अज्ञात छ ।

दुर्घटना बाँचेकाहरुमा धेरैजसो पुरुषहरु छन् । त्यसैले महिला र बालबालिकाहरुको हताहती भएको हुनसक्ने आशंका अधिकारीहरुले गरेका छन् । क्षमताभन्दा धेरै मानिस भएकाले डुंगा दुर्घटना भएको अनुमान छ ।

## इरानको पहिलो भ्रमणमा साउदी विदेशमन्त्री

काठमाडौँ – साउदी अरबका विदेशमन्त्री राजकुमार फैजल बिन फरहान इरानको पहिलो भ्रमणका क्रममा शनिबार तेहरान पुगेका छन ।



उनले इरानका राष्ट्रपति इब्राहिम रायसीसँग भेटवार्ता गरेका छन् ।

सन् २०१६ मा रियादले सिया धर्मगुरु निम्र अल-निम्रलाई मृत्युदण्ड दिएको विरोधमा भएको प्रदर्शनका क्रममा तेहरानस्थित दूतावास र उत्तरपश्चिमी सहर मशादस्थित वाणिज्य दूतावासमा आक्रमण भएपछि सुन्नी मुस्लिम शक्ति साउदी अरबले सिया नेतृत्वको इरानसँग सम्बन्धविच्छेद गरेको थियो । तर गत मार्चमा दुई देशबीच सम्बन्ध सुधार्न र आ-आफ्ना दूतावास खोल्न चिनियाँ मध्यस्थतामा सम्झौता भएको थियो ।

## परमाणु दौडमा उत्तर कोरियाली साशक

काठमाडौँ – उत्तर कोरियाली जनता कसरी भोकमरी र गरिबीको चपेटामा छन् भन्ने लामो समाचार रिपोर्ट बेलायती समाचार संस्था बीबीसीले गत मंगलबार बाहिर ल्यायो । लामो समयदेखि गोप्य रूपमा उत्तर कोरियाका तीन जनासँग सम्पर्कमा रहेर उनीहरूले भोगिरहेको कथाव्यथा बीबीसीले उतारेको छ ।

पछिल्लो तीन वर्ष कोभिड-१९ का कारण किम जोङ उनको सरकारले सीमा क्षेत्रमा आवतजावतलाई नै प्रतिबन्ध लगाएपछि कसरी समस्या भइरहेको छ भन्ने पनि प्रस्ट रूपमा बाहिर ल्याएको छ । उत्तर कोरियामा गरिबी, भोकमरी, औषधिको अभाव र सीमा पार गरेर औषधि ल्याउनसमेत कठिन रहेको उक्त रिपोर्टमा भनिएको छ । उक्त रिपोर्टमा म्योङ सुक, चान हो र जी येओनले भोगेका दुःखबाट कहिलेको उत्तर कोरियाका अवस्था कस्तो छ भन्ने झलक दिन्छ ।



# बेटिङ प्रचारको आरोपमा कलाकार राजु मास्टर र बल्छी धुर्वे पक्राउ



काठमाडौं । अनलाइन बेटिङ प्लेटफर्मको विज्ञापन तथा प्रचार प्रसार गरेको आरोपमा कलाकार र राजु पौडेल (राजु मास्टर) र मरिचमान श्रेष्ठ 'बल्छी धुर्वेछसहित आठ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उनीहरुलाई बुधबार पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एव् प्रहरी उपरीक्षक (एसपी) रविन्द्र रेग्मीले जानकारी दिए । एसपी रेग्मीका अनुसार पक्राउ पर्नेमा मरिचमान श्रेष्ठ (बल्छी धुर्वे), राजु पौडेल, पवन खतिवडा, एलिश राई, ज्वलन घर्तीमगर, गणेश देवकोटा, सरोज घिमिरे र वेगम नेपाली रहेका छन् ।

प्रहरीले बुधबार पनि वानएक्स बेटमार्फत एक अर्ब बढीको सट्टेबाजी गराउने पाँच एजेन्टलाई सार्वजनिक गरेको थियो । पछिल्लो समय सामाजिक सञ्जालमा बेटिङ तथा क्यासिनो गेमिङ एपहरूको प्रचार तीव्र रूपमा हुन थालेपछि प्रहरीले त्यस्तो कार्यमा संलग्न व्यक्तिमाथि कारबाहीको तयारी थालेको हो ।

नेपालको मुलुकी अपराध संहिता २०७४ को धारा १२५ मा जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने व्यवस्था छ । धारा १२५ को ९२० को उपदफा ९१० को (क)मा पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना र उपदफा (ख) मा दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवाना र त्यसपछिको कसूरमा पटकैपिच्छे थप तीन महिनासम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।पक्राउ परेकाले युट्युबबाट वानएक्स एपमार्फत बेटिङको प्रचार गरेको आरोप प्रहरीको छ । युट्युबमा प्रोमो कोड प्रयोग गरी वानएक्स बेटिङमा छुट प्राप्त गर्न सकिने भन्दै विज्ञापन देखिएको छ

# 'काँडेतार' फिल्म फागुन २५ बाट प्रदर्शनमा आउने

काठमाडौं । फिल्म 'काँडेतारछ २५ फागुनबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । निर्माता तथा निर्देशक नवल खड्काले आइतबार आफ्नो जन्मदिनको अवसर पारेर फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति बाहिर ल्याएका हुन् ।




नेपाल र भारतको सीमामा काँडेतार लगाइनुपर्छ भन्ने बिषय समेटिएको फिल्मको सार्वजनिक पोस्टरमा उनी खुकुरी लिएर उभिएको अवतारमा प्रस्तुत भएका छन । पोस्टरको पृष्ठभूमिमा काँडेतारको बार लगाएको देख्न सकिन्छ ।केही अगाडि सेन्सरको लफडामा पनि परेको फिल्म सेन्सर बोर्डले केही दृश्य र संवादमा आपत्ति जनाउँदै रोकिदिएपछि केही दृश्यमा काटछाट गर्दै सेन्सर पास भएको थियो । फिल्मलाई आर्थिक अनुदान, करमाछुट , स्वदेशमा एकल रिलिजको वातावरण बनाइदिन र विदेशमा प्रदर्शनका लागि कूटनीतिक पहलका लागि सरकारसँग आग्रह गरेका छन् । फिल्ममा नवलसँगै गौरव पहारी, रेविका गुरुङ, सुरबिना कार्की, मुरलीधर, प्रेम सुब्बा, परशुराम चौधरी, सञ्जय खतिवडा, राजेन्द्र भगत, पन्नालाल सिकदार, प्रकाश गिरीको अभिनय छ । नवलसँगै माकिको राई र अञ्जु केसी फिल्मको निर्माता हुन् भने कार्यकारी निर्माता सत्यकला राई हुन् ।फिल्ममा मणि थापा र दीपक शर्माको संगीत, सौरभ लामाको छायांकन, तारा थापा 'किम्भेछ र बन्दे प्रसादको सम्पादन छ । श्री श्रेष्ठको द्वन्द्व निर्देशन र कविराज गहतराजको नृत्य समेत फिल्ममा राखिएको छ।

# काठमाडौं महानगरले रोक्यो हिन्दी फिल्मको प्रदर्शन

काठमाडौं । महानगरभित्रका हलहरुले हिन्दी फिल्मको प्रदर्शन रोकेका छन् ।काठमाडौं महानगरका मेयर बालेन शाहले 'आदिपुरुषछ मा समावेश जानकी भारतकी छोरी हुन् भन्ने भ्रमपूर्ण संवाद भारतबाट नहटेसम्म हिन्दी



फिल्म चल्न नदिने निर्णय गरेपछि हलवालाहरुले सोमबारदेखि हिन्दी फिल्म प्रदर्शन रोकेका हुन् ।

महानगरको आदेशलाई मान्दै आफूहरुले हिन्दी फिल्मको प्रदर्शन रोकेको बिगमुभिजका सञ्चालक दीपेश शर्माले बताए। 'आजदेखि हामीले हिन्दी फिल्मको प्रदर्शन रोकेका छौं फिल्ममा समावेशी आपत्तिजनक शब्द नेपालबाट हटाइसकेको थियो। भारतमा पनि उक्त संवाद हटाउने पहल भइरहेको छ, उनले भने, हामीले महानगरको निर्णयलाई मान्नुपर्छ। तर कहिलेसम्म हिन्दी फिल्मको प्रदर्शन रोक्ने भन्ने निर्णय भएको छैन। हिजो मेयर बालेनले सोमबारदेखि महानगरमा हिन्दी फिल्म प्रदर्शनमा रोक लगाउने घोषणा गरेका थिए। गतबिहीबार उनले तीन दिनभित्र विवादित संवाद भारतबाटै नसच्यासम्म कुनै पनि हिन्दी फिल्म प्रदर्शन गर्न नदिने

# असार २२ मा 'रेडियो कान्तिपुर नेसनल म्युजिक अवार्ड' हुँदै




काठमाडौं – पाँचौं 'रेडियो कान्तिपुर नेसनल म्युजिक अवार्ड' हुने भएको छ । रेडियो कान्तिपुरले २४औं वार्षिकोत्सवको अवसरमा असार २२ मा कार्यक्रम गर्दै अवार्ड वितरण गर्ने भएको हो । २०७८ देखि २०७९ साउनसम्म प्रशारणमा आएका गीतबाट ७५ मनोनयन सार्वजनिक गर्दै त्यसमध्येबाट १५ विधामा अवार्ड वितरण गरिने भएको कार्यक्रम निर्देशक भुपेन्द्र खड्काले बताए ।

उत्कृष्ट नव गायक/गायिका, उत्कृष्ट रचानाकार, उत्कृष्ट संगीत निर्देशक, उत्कृष्ट लोकदोहरी गायक/गायिका, उत्कृष्ट सांगीतिक समूह तथा उत्कृष्ट गायक/गायिकाको विधामा अवार्ड वितरण गरिने भएको हो । दीर्घ साधना अवार्ड (लाइभटाइम अचिभमेन्ट) बाट एक जना संगीतसाधकलाई पुरस्कार रकम एक लाख रुपैयाँ र ट्रफीसहित सम्मान गरिने भएको छ । त्यस्तै पिपल्स च्वाइस अवार्डको चयन भने स्रोताको सहभागितामा हुने बताइएको छ ।

कार्यक्रममा गायक/गायिकाहरू स्वप्न सुमन, समीर श्रेष्ठ, सुशान्त केसी, प्रकाश सपुत, शिव परियार, सुवानी मोक्तान, सन्दीप क्षेत्री, सज्जन श्रेष्ठ, गजलकार प्रदीप रोदनको प्रस्तुति रहनेछ । कार्यक्रमको आकर्षणका रुपमा इन्डियन आइडल २०१८ का विजेता सलमान अलीको विशेष प्रस्तुति रहनेछ ।

'हामी स्रष्टाहरूका गीतलाई रेडियोमा बजाउँछौं । यसअर्थमा रेडियोको स्रोत र सम्पत्ति भनेकै गीत/संगीत हुन् । त्यसैले लोकप्रियता र मुनाफा दुवै संगीतकै माध्यमबाट प्राप्त हुने हुँदा यस क्षेत्रको प्रवर्द्धनका गर्नु हामीले आफ्नो कर्तव्य ठानेका छौं । नेपाली संगीत क्षेत्रको श्रीवृद्धिमा इँटा थप्ने काम हो यो अवार्ड,' खड्काले भने ।

# 'दान्भी'का लागि एक्सन सिक्दै पूजा



नयाँ छिमलकी सफल अभिनेत्री पूजा शर्मा आफ्नो करिअरमा पहिलो पटक एक्सन फिल्ममा एक्सन भूमिकामा काम गर्ने तयारीमा छिन् । फिल्म 'दान्भी'मा उनी एक्सन लेडी बन्न लागेकी हुन् । यसै शुक्रबार उनलाई एक्सन अवतारमा प्रस्तुत गर्दै फिल्मको पोस्टर सार्वजनिक गरिएको थियो । दुई हातमा पेस्तोलसहित प्रस्तुत उनको एक्सन लुक्सले फिल्मप्रति दर्शकमा कौतुहलता जगाएको छ ।

यही फिल्मका लागि पूजाले यतिबेला जोडतोडले अन्तरिक तयारी गरिरहेकी छन् । शरीर कसिलो बनाउन लामो समयदेखि जिममा मिहिनेत गरिरहेकी उनले दुई हप्तादेखि एक्सनको तालिम पनि लिइरहेकी छन् । उनले एक्सन ट्रेनिङ लिइरहेको भिडियो इन्स्टा स्टोरीमा सेअर गरेकी छन् । फिल्मको छायांकन सुरु नुहँदासम्म

बाँकी ६ पृष्ठमा

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विज्ञान र प्रविधि

## स्पेस एक्सका १४ वर्षीय इन्जिनियर

काठमाडौं – पटक-पटक चर्चामा आइरहने अर्बपति हुन्, इलन मस्क । सामाजिक सञ्जाल ट्वीटर खरिद गरेपछि चर्चासँगै विवादको पनि पर्याय बनेका मस्क फेरि अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा छाएका छन् । कारण हो, उनको अर्को कम्पनी स्पेस एक्सले गरेको पछिल्लो निर्णय । अन्तरिक्ष कम्पनी स्पेस एक्सका मालिक मस्कले सोमबार एक १४ वर्षीय किशोरलाई जागिर दिएका छन् । त्यो पनि सफ्टवेयर इन्जिनियरका रूपमा । उनी स्पेस एक्सका हालसम्मकै कम उमेरका कर्मचारी हुन् । र, अर्बपतिको कम्पनीमा जो डिन पाउने ती भाग्यमानी हुन्, अमेरिकाको सान फ्रान्सिस्कोका कैरान क्वाजी । ११ वर्षको उमेरमा कम्प्युटर साइन्स एन्ड इन्जिनियरिङ अध्ययनका लागि सान्टा क्लारा विश्वविद्यालय भर्ना भएका थिए क्वाजी । उनी यही महिना ग्र्याजुएट हुँदै छन् । विश्वविद्यालयको १७२ वर्षे इतिहासमा सबैभन्दा कम उमेरमै स्नातक सक्नेमा पर्छन् उनी । अंग्रेजीमा एउटा भनाइ छ- 'एज इज जस्ट अ नम्बर (उमेर एउटा अंक मात्र त हो) ।छ त्यसैलाई चरितार्थ गरिदिएका छन् क्वाजीले ।'फनछ र 'टेक्निकल्ली च्यालेन्जिङछ अन्तर्वार्ता प्रक्रिया पूरा गरेपछि उनले कम्पनीसँग जोडिने मौका पाएको स्पेस एक्सले जनाएको छ । कम्पनीका अनुसार उनी मानिसलाई मंगलग्रहमा पठाउनेस्पेस एक्सको परियोजनामा आबद्ध हुनेछन् ।स्पेस एक्सले सोमबार मात्रै ५२ वटा स्टारलिंक स्याटेलाइट पृथ्वीको तल्लो कक्षमा छाडेको थियो । स्पेस एक्सकोफाल्कोन-९ बुस्टर रकेट ५२ वटा स्टारलिंक स्याटेलाइट बाकेर सोमबार बिहान फ्लोरिडास्थित प्रक्षेपण केन्द्रबाट लन्च गरिएको थियो ।



रकेटको माथिल्लो भागमा रहेको स्टारलिंकका ५२ स्याटेलाइट पृथ्वीको तल्लो कक्षमा छाडिएको हो । स्पेस एक्सले हालसम्म ४ हजार ५ सयभन्दा बढी स्टारलिंक स्याटेलाइट कक्षमा राखिसकेको छ । तीमध्ये ४ हजार २ सय वटा सञ्चालनमा रहेको जनाइएको छ । इलन मस्कले स्टारलिंक मेघा कन्स्टिलेसन निर्माणका लागि १२ हजार स्याटेलाइट राख्ने अनुमति पाइसकेका छन् । थप ३० हजार वटा स्याटेलाइट राख्न स्पेस एक्सले अनुमति माग गरेको जनाइएको छ ।

'म स्टारलिंक इन्जिनियरिङ टिममा सफ्टवेयर इन्जिनियरका रूपमा आबद्ध भएको छु,छ क्वाजीले भनेका छन् । उनले लिंक्डइनमा आफ्नो बायोडाटा अपडेट गर्दै स्पेस एक्सलाई 'पृथ्वीकै सबैभन्दा उत्कृष्ट कम्पनीछ को संज्ञा दिएका छन् । उमेरभन्दा पनि आफ्नो सीप र क्षमता हेरेर कम्पनीले जागिर दिएको क्वाजीको भनाइ छ ।

समसामयिक गतिविधिमा निकै चासो राख्ने क्वाजी सानै उमेरदेखि निकै जिज्ञासु र बौद्धिक थिए । लस एन्जलस टाइम्सका अनुसार उनले दुई वर्षको उमेरदेखि नै प्रस्टसँग पूरा वाक्य बोल्न थालेका थिए । त्यतिबेलैदेखि उनी सञ्चारमाध्यममा सुनेका समाचार साथीहरू र शिक्षकलाई सुनाउने गर्थे । उनी ९ वर्षको उमेरमा कक्षा तीनमा थिए । तर स्कुलको पढाइ उनलाई निकै सहज लाग्यो । १० वर्षको उमेर मा क्वाजीले सामुदायिक कलेजमा भर्ना पाएका थिए । त्यसपछि ११ वर्षको उमेरमा उनी कम्प्युटर साइन्स तथा इन्जिनियरिङ पढ्न सान्टा क्लारा विश्वविद्यालय पुगेका थिए ।प्रतिष्ठित एसोसिएसन फर कम्प्युटर मे सिनरीको सदस्यसमेत भइसकेका क्वाजीले एसोसिएटेड स्टुडेन्ट गभर्नमेन्टमा सिनेटरको भूमिकासमेत नर्वाह गरिसकेका छन् । उनका शैक्षिक सल्लाहकार अहमेद अमेरले 'ज्ञानका लागि क्वाजीको तिर्खा अतृप्तछ रहेको बताउँछन् ।

पढाइमा अब्बल उनले फुर्सदको समयमा साइन्स फिक्सन पढ्ने र विभिन्न गेम खेल्ने गर्थे । खासगरी उनले फ्लिप डिक लिखित साइन्स फिक्सन र क्रिड सिरिज गेम निकै रुचाउँछन् । त्यसो त, सामाजिक सञ्जालहरू पनि बाक्लै चलाउँछन् उनले । त्यसै क्रममा २०२३ को सुरुवातमा क्वाजीले एउटा जागिरका लागि अन्तर्वार्ताको तयारी गरिरहेको भन्दै इन्स्टाग्राममा पोस्ट राखेका थिए । जागिरमा छनोट भएको केही साताअघि भने उनले आफ्नो आवे दन स्वीकृत भएको उल्लेख गरेका थिए । स्पेस एक्सको जागिरे भए पनि उनले आफ्नी आमा जुलियालाई लिएर क्यालिफोर्नियाबाट वासिङ्टनमा बसाइँ सर्ने जनाएका छन् ।

---

## 'दान्भी'

उनी एक्सन तालिमलाई निरन्तरता दिने योजनामा देखिएकी छन् ।

'दान्भी'सँगै पूजासँग अभिनेत्री रेखा थापाको एक फिल्म पनि छ । बैशाख लगत्तै रेखाको फिल्म सुरु गर्ने तयारीमा उनी थिइन् । तर, स्क्रिप्ट लेखनको काम अझै नसकिएको र हिँउदे वर्षा सुरु भएकाले अब साउनपछि मात्र फिल्म छायांकनमा जान सक्ने देखिन्छ । यसैले रेखाको फिल्मभन्दा अगावै 'दान्भी'को छायांकन भ्याउने गरी पूजा यतिबेला एक्सनको तालिममा जुटेको जानकारी प्राप्त छ ।

लभर गर्लको रुपमा रुचाइएकी पूजालाई एक्सन भूमिका आफैंमा चुनौतीपूर्ण हो । यसका लागि उनले बाह्य र अन्तरिक दुवै रुपमा चरित्र निर्माणमा मिहिनेत गर्नुपर्नेछ । फिल्ममा उनको जोडीको रुपमा कुन्साङ बोम्जन रहनेछन् । रुपेश तामाङको निर्देशनमा बन्न लागेको फिल्मको छायांकन नेपाल र सिक्किममा हुनेछ । फिल्म बदलाको कथामा निर्माण हुन लागेको संकेत पोस्टरले गरेको छ ।

---

## प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्सको नयाँ लोगो सार्वजनिक

Prabhu Mahalaxmi Life

काठमाडौं । प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड र महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडलाई नेपाल बीमा प्राधिकरणले मिति २०८०/०२/२९ गते मर्जरको लागि अन्तिम स्वीकृति प्रदान गरिसकेको छ । आषाढ महिना भित्र एकिकृत कारोबार गर्ने गरी दुवै कम्पनीको संयुक्त मर्जर समिति, संचालक समिति र व्यवस्थापन समूह तयारीमा लागि सकेको छ । यसै सिलसिलामा संयुक्त मर्जर समितिको निर्णय अनुसार दुवै कम्पनीको भावना प्रतिबिम्बित हुने गरी तयार गरिएको तथा एकिकृत कारोबार पछि प्रचलनमा ल्याइने "प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडको नयाँ लोगो सार्वजनिक गरेको छ।

प्रभु लाइफ र महालक्ष्मी लाईफको देशै भरी १६७ शाखा र उपशाखा संचालनमा भई ४४९ कर्मचारी कार्यरत रहेका छन् । प्रभु लाईफको बोनस शेयर जारी पछि दुवै कम्पनीको गरी ४२९.६ करोड चुक्ता पूँजी हुनेछ । बीमा प्राधिकरणले तोकेको ५०० करोड चुक्ता पूँजीको लागि एकिकृत कारोबार पछि ९० करोड बराबर प्रिमियम मुल्यमा एफपिओ ९ँएइ० जारी गर्ने सहमति भएको उल्लेख छ ।

---

## 'आइएमई पे' मा आयो एअरलाईनस टिकटमा क्यासब्याक

काठमाडौं । असार ३ 'आइएमई पे' ले असार महिनामा मनसुनलाई लक्षित गर्दै आइएमई पे मा 'क्यासब्याकको वर्षा' नामक अभियान सार्वजनिक गरेको छ ।




यसै सन्दर्भमा, यो हप्ता असार ३ देखी आइएमई पे ले एअरलाईन्समा क्यासब्याकको वर्षा सुरु गर्दैछ । एक हप्ताको लागि चल्ने सो अफरमा ग्राहकले प्रत्येक दिन साँझको ४ बजे देखी साँझको ६ बजेसम्म कुनै पनि एअर लाईन्सको टिकट काट्दा रु २०० क्यासब्याक पाउने छन् । सो अन्तराल भित्रमा एअरलाईन्सको टिकट काट्नु हुने ग्राहकले प्रोमोकोडहरुको प्रयोग गरेर पाउने छुट सहित यो छुट पनि पाउने छन् । यो अफर असार ९ सम्मका लागि मात्र रहनेछ ।


**सर्पदंश (सर्पको टोकाई) बाट बच्न...**

- सर्प लुकन सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्टि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आद निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौं,०१-४१६७५७८, पोष्ट बक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ प्रेस